# अध्याय एक

# शोधपरिचय

## १.१ विषय प्रवेश

सिर्जनात्मक साहित्यको विभिन्न विधामध्ये निबन्ध विधा प्रमुख तथा कान्छो विधा हो । साहित्यका श्रव्य र दृश्यअन्तर्गत निबन्ध श्रव्य भेदअन्तर्गत पर्ने गद्य विधा हो । निबन्ध साहित्यिक विधामध्ये आधुनिक विधा हो । पूर्वीय तथा पाश्चात्य साहित्यमा त्यसको लामो इतिहास रहेको पाइन्छ ।

'निबन्ध' संस्कृत भाषाबाट नेपालीमा आएको तत्सम शब्द हो । संस्कृत भाषाको 'बन्ध' धातुमा 'घञ्' प्रत्यय लागेर बनेको 'बन्ध' शब्दमा 'नि' उपसर्ग लागेपछि (नि + बन्ध + घञ् = निबन्ध) शब्द निर्माण हुन्छ । साहित्य सन्दर्भमा निबन्धको अर्थ भावनाका कर्णहरूलाई सिलसिलाबद्ध ढङ्गले सङ्ग्रहीत गर्नु बाँध्नु वा व्यवस्थित गर्नु भन्ने हुन्छ ।

पूर्वीय साहित्यमा निबन्ध शब्दको प्रयोग प्राचीन समयदेखि हुँदै आएको भेटिन्छ । 'महाभारत'को श्रीमद्भागवत् गीता खण्डमा कृष्णले अर्जुनलाई उपदेश दिने क्रममा दार्शनिक सन्दर्भमा आत्मालाई सांसारिक मायावी जालमा बाँधेर राख्ने आसुरी सम्पत्तिका अर्थमा निबन्ध शब्दको प्रयोग गरिएको छ (सुवेदी, २०४३ : ६) ।

पाश्चात्य साहित्यमा निबन्धलाई बुझाउने शब्द 'एस्से' Essay हो । यसको प्रथम पटक प्रयोग १६ औं शताब्दीमा आएर मात्र भएको हो । Eassi शब्द फ्रेन्च भाषाको 'एस्सी' Essai को तद्भव रूप हो । जसको अर्थ प्रयास गर्नु हो (द्विवेदी, १९७१ : ११) । पाश्चात्य साहित्यमा निबन्ध शब्दको प्रयोग गर्ने प्रथम व्यक्ति फ्रान्सेली साहित्यकार मिसल द मोन्तेन ई (१५३३-१५९२) हुन् ।

निबन्ध मूलतः आख्यानेतर गद्य साहित्यिक विधा हो । यसको पहिलो प्रयोगका रूपमा पृथ्वीनारायण शाहको दिव्योपदेश (१८३१ तिर) मानिन्छ । यस कृतिमा पृथ्वीनारायण शाहका वैयक्तिक अनुभूति, स्वतन्त्र अभिव्यक्ति, स्फुट विचार वर्णनात्मक प्रस्तुति जस्ता प्रकृति पाइने हुनाले यस कृतिलाई सुगठित संरचना भएको महत्त्वपूर्ण कृति मानिन्छ । स्वतन्त्र रूपमा लिखित विचारलाई अभिव्यक्त गर्न सक्ने क्षमताको विकास गर्न क्रमिकताको अवलम्बन गर्ने प्रयासअनुसार भाषिक अभिव्यक्ति दिन शब्दभण्डार क्षमताको वृद्धि गर्ने र विद्यालय तहका

विद्यार्थीहरूलाई लेखन सिपमा सक्षम बनाउनको लागि निबन्ध लेखनको आवश्यकता पर्दछ। आफूले सुनेका, देखेका तथा प्रत्यक्ष अनुभव गरेका विभिन्न विषय तथा घटनाहरूलाई विद्यार्थीको क्षमताअनुसार निर्देशन दिई सिलसिला र क्रम मिलाएर निबन्ध लेखन गराइन्छ ( पौडेल, २०७० : ५७) । यसबाट लेखन सिपको विकास हुनुका साथै सिर्जनात्मक क्षमताको विकास गर्न सरल र प्रभावकारी भूमिका खेल्दछ।

कुनै पनि व्यक्तिका मनमा उत्पन्न भएका भाव वा विचारलाई सिलसिला मिलाई लेखिने स्वतन्त्र रचना नै निबन्ध लेखन हो । निबन्धलेखन कला सिपको उच्च स्तरीय सिपअन्तर्गत पर्दछ । विषयवस्तुलाई आदि, मध्य र अन्त्यको ढाँचामा लेखिने सिप नै निबन्धलेखन हो । विद्यार्थीहरूमा लेखन सिपको विकास गर्नको लागि यो कार्य महत्त्वपूर्ण हुनेछ । तसर्थ धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गरी विद्यार्थीहरूको लेखन सिपको विकासमा यस कार्यले थप सहयोग पुग्नेछ।

## १.२ समस्याकथन

मानव विकासको सुरुवातसँगै सुरुमा सुनाइ र बोलाइबाट नै भाषाको आर्जन भए तापनि आफ्ना अभिव्यक्तिलाई स्थिरता र चिरस्थायी बनाउनको लागि लेखन सिपको आवश्यकता पर्दछ। व्यक्तिका मनमा गुम्सिएर रहेका विचारलाई व्यक्त गर्ने माध्यम भनेको लेखाइ हो । लेखन कलाको समुचित विकास गर्न, शब्दभण्डार क्षमताको विकास गर्न र सिर्जनात्मक क्षमताको विकास गराउन निबन्ध लेखनको उच्च स्थान रहन्छ । लिखित अभिव्यक्ति दिने व्यक्तिका लेखाइमा देखापर्ने शब्द प्रयोगगत, वाक्य संरचनागत विचार सङ्गठन वा प्रस्तुतीकरण र सफाइगत त्रुटिहरू क्रमशः कम गर्दै लगेर तिनीहरूको निराकरण गरी अभिव्यक्तिलाई स्तरीय बनाउनको लागि विद्यार्थीहरूमा निबन्ध लेखनको अभ्यास गराउनु पर्दछ। यसै सन्दर्भमा माध्यमिक तहमा पुगेका विद्यार्थीका निबन्धलेखन सिपमा के कति दक्षता प्राप्त गर्नेछन् र उनीहरूले आफ्ना विचारहरूलाई के कति शृङ्खलाबद्ध रूपमा अभिव्यक्ति गर्न सक्छन्। सिर्जनात्मक क्षमता कस्तो रहेछ भन्ने विषयमा यस अध्ययनको मुख्य समस्या रहेको छन् । धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखनसँग सम्बन्धित समस्याहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

(क) धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता कस्तो छ ?

(ख) विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमता कस्तो छ ?

(ग) लैङ्गिकताका आधारमा माध्यमिक तहमा उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता कस्तो छ ?

## १.३ उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य निम्नलिखित रहेको छ :

(क) धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु,

(ख) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति पहिल्याउनु,

(ग) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति पहिचान गर्नु ।

## १.४ अध्ययनको औचित्य

भाषा विचार विनिमयको माध्यम हो । मौखिक र लिखित अभिव्यक्तिको माध्यमबाट विचारको आदानप्रदान गरिन्छ । भाषाको मुख्य रूप मौखिक भए पनि लिखित रूपले नै भाषालाई बचाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । शैक्षिक गतिविधि तथा प्रशासनिक कामकाजमा पनि लिखित भाषालाई नै स्थान दिइने हुनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भाषालाई चिनाउनुसमेत लिखित रूपले नै आधार खडा गरेको हुन्छ । त्यसकारण विद्यार्थीहरूलाई प्रारम्भिक तहदेखि नै लेखनकला तथा सिपको विकास गराउन निबन्धलेखन एक महत्त्वपूर्ण कार्यकलापको रूपमा रहेको हुन्छ । निबन्धलेखनसँग लेखाइसम्बन्धी ज्ञानात्मक तथा संज्ञानात्मक पक्षहरू समावेश हुने हुँदा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन आवश्यक छ । यसरी विद्यार्थीहरूमा विकसित हुने लेखन क्षमताको पहिचान गर्ने प्रमुख आधार निबन्धलेखन भएकोले यस अध्ययनमा विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई अग्रभूमिको रूपमा स्थापित गरिएको छ ।

निबन्धलेखन कार्य वैचारिक, स्वतन्त्र र सुगठित लेखनकला हो । यस विधालाई विद्यालय तहदेखि उच्च तहसम्म पनि प्रमुखताका साथ पाठ्यपुस्तकमा समावेश गरिएको पाइन्छ । माध्यमिक तहका विद्यार्थीहरूको लेखाइसम्बन्धी प्रौढताको क्षमताको पहिचान गरी विविध पृथक् पृथक् भाषिक पृष्ठभूमिका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गरी विविध पृथक्-पृथक् भाषिक पृष्ठभूमिका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्न प्रस्तुत अध्ययन मार्गदर्शन बन्नेछ । पृष्ठभूमिमा राखिएका समस्याहरूको उचित समधान पहिल्याउनमा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ ।

## १.५ अध्ययनको सीमा

कुनै पनि अध्ययनको लागि क्षेत्र परिवेश तथा सामग्रीको सम्भाव्यता अध्ययनका क्रममा अत्यन्त विस्तृत र व्यापक अध्ययन अनुसन्धान गर्नुपर्ने हुन्छ तर समयको सीमितता, आर्थिक समस्या, भौगोलिक, विकटताका कारणले अध्ययनको सम्पूर्ण पक्षालाई समेट्न गाह्रो पर्ने हुँदा अध्ययनको व्यापकतालाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । त्यसकारण निश्चित सीमाङ्कन नगरिएका अनुसन्धान कार्य गन्तव्यहीन हुने कुरालाई आत्मसाथ गर्दै प्रस्तुत अध्ययनलाई पनि निम्नलिखित सीमामा आबद्ध गरेर अध्ययनलाई पनि निम्नलिखित सीमामा आबद्ध गरेर अध्ययनलाई पूर्णता दिइएको छ :

(क) धादिङ जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा दशवटा विद्यालयमा अध्ययन सीमित रहेको छ ।

(ख) प्रत्येक विद्यालयबाट दश/दशजना विद्यार्थीहरूमा अध्ययन सीमित रहेको छ ।

(ग) कक्षा दशमा अध्ययनरत छात्र/छात्रामा अध्ययन सीमित रहेको छ ।

(घ) नमुना जनसङ्ख्याबाट प्राप्त तथ्यका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन

अध्याय पाँच : विद्यालय प्रकृतिका आधारमा निबन्धलेखन क्षमताको अध्ययन

अध्याय छ : लैङ्गिकताका आधारमा निबन्धलेखन क्षमताको अध्ययन

अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि अध्ययन अनुसन्धान गर्नुपूर्व सम्बन्धित विषय क्षेत्रमा भए गरेका अनुसन्धान कार्यको व्यवस्थित अध्ययन गरी ती सबै कार्यको टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । जसबाट अनुसन्धानकर्तालाई विगतमा भएका अध्ययनका बारेमा सम्पूर्ण जानकारी उपलब्ध गराई आफ्नो गन्तव्यमा पुग्न मार्गनिर्देशन गर्दछ । प्रस्तुत अध्ययन “धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन” शीर्षकसँग सम्बन्धित विभिन्न शोधहरू, तथ्य, अन्य सान्दर्भिक सामग्रीहरूको गहन अध्ययन गरिएको छ ।

कुनै पनि अध्ययन अनुसन्धान तयार गर्नको लागि विभिन्न सान्दर्भिक सामग्रीहरू तथा पूर्वशोधहरूको गहन अध्ययन गर्नु अत्यावश्यक मानिन्छ । त्यसैले प्रस्तुत अध्ययन “धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन” शीर्षकसँग सम्बन्धित विभिन्न समयमा लेखिएका शोधपत्र तथा पुस्तकको गहन अध्ययन विश्लेषण गरिएको छ, जसलाई निम्नलिखित प्रस्तुत गरिएको छ :

### २.१.१ सम्बद्ध पुस्तकहरूको समीक्षा

दाहाल (२०५८) द्वारा *नेपाली नाटक, निबन्ध, भाषा साहित्य र इतिहास* नामक पुस्तक तयार पारिएको छ । यस पुस्तक प्रस्तुत शोधपत्रका लागि उपयोगी पुस्तक मानिन्छ । यसमा निबन्धको परिचय, अर्थ, प्रकार, परिभाषा, निबन्धका तत्व तथा विकासक्रम समेत समेटिएको पाइन्छ ।

ढकाल (२०६८) द्वारा तयार पारिएको *नेपाली भाषा शिक्षण नामक* पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूको चर्चा पाइन्छ । यस पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूको चर्चा पाइन्छ । यसमा लेखन सिपको महत्त्व, आवश्यकता, औचित्य, लेखाइको प्रयोजनपरक तह, लेखाइमा पाइने कमजोरी त्रुटिका क्षेत्रहरू, लेखाइ शिक्षणका कार्यकलाप, लेखाइको शुद्धीकरण, आभ्यासिक र निर्देशित लेखन शिक्षणका क्रममा समेत विचार

पुऱ्याउनुपर्ने कुराको उल्लेख गरिएको छ । यस पुस्तक प्रस्तुत शोधकार्यको लागि उपयोगमा ल्याउन सकिएको छ ।

भट्टराई (२०६८) द्वारा लिखित *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग* नामक पुस्तक प्रस्तुत शोधपत्रका लागि उपयोगी पुस्तक मानिन्छ । यस पुस्तकमा भाषा शिक्षणको सैद्धान्तिक परिचय, भाषिक अनुसन्धानका सामान्य विधि, भाषिक अनुसन्धानका विशेष विधिहरू, भाषिक सामग्री सङ्कलन, निर्माण र मानकीकरण, भाषिक अनुसन्धानमा साङ्ख्यिकी र यसको प्रयोग, भाषिक अनुसन्धान प्रस्तावका लागि शोधशीर्षक चयन, अनुसन्धान प्रतिवेदन जस्ता पक्षहरू विभिन्न शीर्षक र उपशीर्षकमा समावेश गरिएको पाइन्छ । जसलाई मेरो प्रस्तुत शोधको लागि उपयोगी पुस्तक मानिएको छ ।

शर्मा र पौडेल (२०६८) द्वारा सहलेखनमा तयार पारिएको *नेपाली भाषा र साहित्य शिक्षण* नामक पुस्तकमा निबन्ध लेखनलाई लेखन कलाको महत्त्वपूर्ण कार्यकलाप हो भनिएको छ । यस पुस्तकमा निबन्ध लेखनका लागि स्वतन्त्र र निर्देशित दुबै किसिमका अभ्यास गराउन सक्ने कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा निबन्ध लेखनको मुख्य उद्देश्य निबन्ध लेखन सिप हासिल गर्नु र आफ्ना वस्तु तथ्यात्मक, भावनात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर सो प्रतिपादनलाई पूर्वापरक्रम मिलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्ने सिप आर्जन गर्नु हो भनिएको छ । यस पुस्तकले प्रस्तुत शोधकार्यको सैद्धान्तिक अवधारणा निर्माण गर्न आधार प्राप्त भएको देखिन्छ ।

पौडेल (२०७०) द्वारा लिखित *भाषिक विधा शिक्षण* नामक पुस्तक नेपाली साहित्यका विभिन्न विधा शिक्षणका लागि अति उपयोगी पुस्तकको रूपमा देखिन्छ । यस पुस्तकमा निबन्ध शिक्षणको प्रमुख प्रयोजन लेखन कलाको समुचित विकास गर्नु हो भन्दै निबन्ध शिक्षणको क्रममा प्रचलित प्रविधिहरूमा प्रवचन विधि, छलफल विधि, सूत्र विधि, स्वाध्ययन विधि, समीक्षा विधि तथा प्रस्तुतीकरण जस्ता विधिको चर्चा गरिएको छ । यस पुस्तक प्रस्तुत शोधको लागि उपयोगमा आएको देखिन्छ ।

निउरे र घिमिरे (२०७०) द्वारा तयार पारिएको *भाषिक अनुसन्धान विधि* नामक पुस्तक प्रस्तुत शोधपत्रका लागि उपयोगी तथा सहयोगी पुस्तक मानिन्छ । यस पुसतकमा भाषिक अनुसन्धानको सामान्य परिचय, भाषिक अनुसन्धानका विधिहरू, भाषिक अनुसन्धानमा सामग्री निर्माण, मानकीकरण र तथ्य सङ्कलन, साङ्ख्यिकीय प्रयोग,

अनुसन्धान प्रस्तावको परिचय, ढाँचा तथा अङ्गहरू, प्रतिवेदन लेखन जस्ता पक्षहरू समेटिएको पाइन्छ । जसले मेरो अनुसन्धानको लागि सहयोग गर्ने देखिन्छ । यस  पुस्तक प्रस्तुत शोधको लागि उपयोगमा आएको देखिन्छ ।

ओझा (२०७१) द्वारा *आधुनिक नेपाली निबन्ध र समालोचना* नामक पुस्तक तयार पारिएको छ । यस पुस्तक प्रस्तुत शोधपत्रका लागि उपयोगी पुस्तक मानिन्छ । यसमा निबन्धका बारेमा विस्तृत चर्चा पाइन्छ । निबन्धसम्बन्धी सम्पूर्ण जानकारीहरूका साथै निबन्धलेखनका तरिकाहरू यसमा समेटिएको पाइन्छ । निबन्धको परिभाषा, अर्थ, प्रकार, स्वरूप तत्त्वजस्ता विविध कुराहरू यसमा समावेश छन् । निबन्धको विकासक्रम नेपाली साहित्यमा निबन्धको स्थिति जस्ता कुराहरू पनि समेटिएको पाइन्छ । यस पुस्तक प्रस्तुत शोधको लागि उपयोगी रहेको छ ।

### २.१.२ सम्बद्ध शोधपत्रहरूको समीक्षा

दौल्याल (२०६४) द्वारा 'कञ्चनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा अध्ययन भएको पाइन्छ । उक्त अनुसन्धानमा कञ्चनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, लिङ्गगत, भाषिक पृष्ठभूमि, स्थानीयता र विद्यालय प्रकृतिका दृष्टिले कञ्चनपुर जिल्लाका विद्यार्थीहरूमा देखिएका निबन्धलेखनसम्बन्धी कमीकमजोरीहरू पहिचान गरी निराकरणका उपाय पहिल्याउनु उद्देश्य रहेको छ । प्रस्तुत अनुसन्धानमा क्षेत्रीय विधिको माध्यमबाट नमुना छनोटमा कञ्चनपुर जिल्लाका चार गा.वि.स.का विद्यालयहरू जम्मा आठवटा विद्यालयका ८० जना विद्यार्थी परेका छन् । सामग्री निर्माणको क्रममा एउटा निबन्ध लेखनको शीर्षक तयार पारिएको छ ।

खनाल (२०६७) द्वारा तयार पारिएको 'कास्की जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक शोधपत्रमा कास्की जिल्लाका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयबाट १०/१० जना विद्यार्थीका दरले जम्मा १०० जना विद्यार्थीहरू नमुनाका रूपमा छनोट गरी अध्ययन गरिएको छ । विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषा नेपाली हुने र दोस्रो भाषी नेपाली हुने विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, छात्र र छात्राको निबन्धलेखन क्षमताको तुलनात्मक रूपमा अध्ययन गर्नु तथा कक्षा सातमा

अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखनका क्रममा देखापरेका समस्याहरूको पहिचान गरी सुझाबसमेत पेश गर्नु मुख्य उद्देश्य रहेको उक्त शोधपत्रमा प्रतिशत, मध्यमान, मानक विचलनका आधारमा व्याख्या तथा विश्लेषण गरी सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको लेखन क्षमता सबल रहेको त्यस्तै नेपाली भाषा पहिलो हुने विद्यार्थीको लेखन क्षमता दोस्रो भाषा नेपाली हुनेको तुलनामा राम्रो रहेको छ र छात्राको तुलनामा छात्रको लेखन क्षमता नराम्रो रहेको निष्कर्ष निकालिएको छ भने समग्रमा अध्ययनले समस्या समाधानका लागि केही उपायहरूसमेत निकालिएको छ ।

पोखरेल (२०६७) द्वारा तयार पारिएको 'बाँके जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक शोध प्रस्तुत गरिएको छ । सो शोध प्रस्तुत शोधपत्रसँग मिल्दो अनुसन्धान हो । प्रस्तुत शोधले विद्यार्थीहरूको स्वतन्त्र एवम् सृजनात्मक क्षमताको विकास कसरी गर्न सकिन्छ ? विद्यार्थीहरूमा निबन्धलेखन क्षमताको स्तर कस्तो रहेको छ ? भन्ने जस्ता विषयहरूको बारेमा जानकारी दिएको छ । विद्यार्थीहरूको लेखाइ सिपसँग सम्बन्धित सिप विकास गर्न यो शोध केन्द्रित रहेको देखिन्छ । प्रस्तुत अध्ययनमा बाँके जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा पहिलो र दोस्रो नेपाली भाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु, विद्यालयको प्रकृतिअनुसार विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, विद्यार्थीहरूको लेखन क्षमतामा देखापरेका कमीकमजोरीहरूको समाधानका उपायहरू पत्ता लगाउनु जस्ता उद्देश्यहरू रहेका छन् । प्रस्तुत शोधमा क्षेत्रीय अध्ययन विधिद्वारा बाँके जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखनसम्बन्धी देखिएका भिन्नतालाई औंल्याइएको छ । बाँके जिल्लाका आठवटा सामुदायिक र दुईवटा संस्थागत गरी जम्मा दशवटा विद्यालयबाट १०/१० जना विद्यार्थीहरूमा यो अध्ययन केन्द्रित रहेको पाइयो । यस शोधको अध्ययनपश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्मण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनले आधार निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

दुलाल (२०६८) द्वारा शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग कीर्तिपुरअन्तर्गत 'रामेछाप जिल्लाका सामुदायिक विद्यालयका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक स्नातकोत्तर शोधपत्र प्रस्तुत

शोधपत्रसँग मिल्दो अध्ययन हो । रामेछाप जिल्लाका सामुदायिक विद्यालयका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्नु सहरी र ग्रामीण सामुदायिक विद्यालयका विद्यार्थीको लेखन क्षमता तथा नेपाली पहिलो भाषी र नेपाली दोस्रो भाषी विद्यार्थीहरूको लेखन क्षमताबिच तुलना गर्नु, मूल्याङ्कन गर्नु उक्त शोधपत्रका उद्देश्य रहेका छन् । क्षेत्रीय अध्ययन विधिद्वारा नमुनाका रूपमा रामेछाप जिल्लाका ६ वटा विद्यालयका ९० जना विद्यार्थीहरू रहेका छन् । विद्यार्थीले लेखेका निबन्धको परीक्षण गरिएको प्रस्तुत शोधपत्रमा ग्रामीण सामुदायिक विद्यालयका तुलनामा सहरी विद्यालयका विद्यार्थीको लेखन क्षमता उच्च रहेको, छात्राको तुलनामा छात्रको र नेपाली दोस्रोभाषी विद्यार्थीको भन्दा नेपाली पहिलो भाषी विद्यार्थीको लेखन क्षमता सबल रहेको देखाइएको छ ।

बस्नेत (२०६८) द्वारा तयार पारिएको 'महोत्तरी जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक शोध पनि यस शीर्षकसँग मिलदो अर्को अनुसन्धान हो । यस शोधमा माध्यमिक तहका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्तर कस्तो छ भन्ने विषयमा चर्चा गरिएको छ । प्रस्तुत शोधको उद्देश्यहरूमा महोत्तरी जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, लैङ्गिक आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति पत्ता लगाउनु, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको निबन्धलेखन क्षमता पहिल्याउनु, विद्यार्थीहरूमा निबन्ध लेखनसम्बन्धी देखिएका कमीकमजोरी पत्ता लगाई सुधारका उपायहरू सुझाउनु रहेको पाइन्छ । प्रस्तुत शोधमा क्षेत्रीय अध्ययन विधि अपनाई महोत्तरी जिल्लाको छवटा विद्यालयका दश/दश वटाका दरले ६० जना कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूलाई छनोट गरिएको छ । विभिन्न शीर्षकहरूमा विद्यार्थीहरूलाई निबन्ध लेख्न लगाई त्यसको परीक्षण गरी समग्रमा विभिन्न निष्कर्षहरू निकालेर समस्याहरू समाधानका लागि आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ । जसले यस अनुसन्धानको लागि सहयोग प्रदान गरेको छ ।

खनाल (२०६९) द्वारा 'दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक शोध प्रस्तुत शीर्षकसँग मिल्दो छ । यस शोधले विद्यार्थीहरूको लेखन क्षमताका विकासका साथै सिर्जनात्मक क्षमताको विकास के कसरी गर्न सकिन्छ, कस्तो खालको विकास हुन्छ ? जस्ता कुराको जानकारी दिएको छ । प्रस्तुत शोधका उद्देश्यहरू दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको

तुलनात्मक स्थिति पहिचान गर्नु, लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अवस्था पहिल्याउनु, विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक अवस्था पहिल्याउनु, विद्यार्थीहरूको निबन्ध लेखनसम्बन्धी कमीकमजोरीहरू पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु, समस्या समाधानको आवश्यक उपायहरू सुझाउनु रहेको पाइन्छ । प्रस्तुत शोधमा क्षेत्रीय सामग्री सङ्कलन विधि अपनाइएको पाइन्छ । यस विधिद्वारा दाङ जिल्लाको सामुदायिक र संस्थागत गरी दशवटा विद्यालयको विद्यार्थीको निबन्धलेखन क्षमताको अध्ययन गरिएको पाइन्छ ।

पोखरेल (२०६९) द्वारा तयार पारिएको 'पाल्पा जिल्लाको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक शोधपत्र प्रस्तुत शीर्षकसँग मिल्दो छ । यस शोधले विद्यार्थीहरूको लेखन क्षमताका विकास साथै सिर्जनातमक क्षमताको विकास कसरी गर्न सकिन्छ ? कस्तो खालको विकास हुन्छ ? जस्तो कुराको बारेमा जानकारी दिइएको छ । प्रस्तुत शोधका उद्देश्य पाल्पा जिल्लाका कक्षा नौमा अध्यनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, भाषिक पृष्ठभूमिका आधारमा पहिलो नेपालीभाषी र दोस्रो नेपालीभाषी विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु तथा निबन्ध लेखनसम्बन्धी देखिएका कमीकमजोरीलाई पहिल्याई निराकरणका आवश्यक सुझाब दिनु रहेको पाइन्छ । प्रस्तुत शोधमा क्षेत्रीय सामग्री सङ्कलन विधि अपनाइएको पाइन्छ । यस विधिद्वारा पाल्पा जिल्लाका सातवटा गा.वि.स.अन्तर्गतका सामुदायिक र संस्थागत गरी दशवटा विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गरिएको पाइन्छ । यस शोधमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता स्तरीय रहेको कुरा उल्लेख गरिएको छ । यस शोधले प्रस्तुत शोधकार्यको लागि सहयोग गरेको छ ।

गौतम (२०७०) द्वारा 'सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र तयार पारिएको छ । उक्त अध्ययनमा निबन्धलेखन क्षमताको पहिचान गर्नु, विद्यालय प्रकृतिका आधारमा, भाषिक पृष्ठभूमिका आधारमा र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु जस्ता उद्देश्यहरू राखिएको छ । यस अध्ययनमा पनि जनसङ्ख्या, नमुना छनोट, सामग्री

निर्माण, पूर्व परीक्षण र तथ्याङ्क सङ्कलनलाई नै प्रमुख विधिका रूपमा लिइएको छ । यस अध्ययनमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत र छात्रभन्दा छात्रा विद्यार्थीको निबन्धलेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको पाइन्छ । यस शोधको अध्ययनपश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले शोधको रूपरेखा निर्माण गर्न, शोधको सैद्धान्तिक आधार तयार पार्न, तुलनात्मक अध्ययनको आधार निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

डाँगी (२०७१) द्वारा 'सल्यान जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त अध्ययनमा सल्यान जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु, विद्यालय प्रकृतिका आधारमा र लैङ्गिकताका आधारमा निबन्धलेखन क्षमताको अध्ययन जस्ता उद्देश्यहरू यस शोधकार्यमा राखिएको छ । यसमा जनसङ्ख्या पहिचान, प्रतिनिधि नमुना छनोट, सङ्कलित तथ्याङ्कहरूको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता सर्वेक्षणात्मक विधिहरूले प्रयोग गरिएको पाइयो । सामुदायिक विद्यालयको भन्दा संस्थागत विद्यालयको विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको पाइयो । यस शोधको अध्ययनपश्चात् प्रस्तुत अनुसन्धानका लागि यसले सहयोग गरेको छ ।

ढकाल (२०७२) द्वारा 'महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । प्रस्तुत शोधले महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता पहिल्याउनु र लैङ्गिकताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्नु जस्ता उद्देश्य राखी शोधकार्य गरिएको पाइयो । प्रस्तुत अनुसन्धानमा क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय अध्ययन विधिलाई प्रमुख विधिको रूपमा प्रयोग गरिएको पाइन्छ । उक्त अध्ययनमा नमुना छनोटका रूपमा महोत्तरी जिल्लाका सामुदायिक र संस्थागत गरी जम्मा १० वटा विद्यालयका १०/१० जनाका दरले १०० जना विद्यार्थीहरूको अध्ययन गरिएको पाइन्छ । उक्त शोधपत्रलाई अध्ययन गर्दा विद्यार्थीहरूको निबन्धलेखन सन्तोषजनक रहेको पाइन्छ । सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीको निबन्धलेखन क्षमता राम्रो रहेको पाइयो । प्राप्त तथ्याङ्कलाई मध्यमान र समूहगत आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कमा के कति भिन्नता छ भनेर पत्ता लगाउन मानक विचलन समेत निकालेर विश्लेषण गरिएको पाइन्छ । यस शोधको अध्ययनले मेरो शोधकार्यको लागि उपयोगी हुने भएकोले यस शोधपत्रको अध्ययन गरिएको छ ।

मौखिक भाषाको दाँजोमा भाषाको लिखित रूपलाई शैक्षिक गतिविधि तथा प्रशासनिक कामकाजमा बढी कार्यान्वयनमा ल्याइन्छ । मानवीय अनुभव तथा ज्ञानलाई संरचित गर्न तथा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा फैलाउन र सम्प्रेषण योग्य बनाउनको लागि भाषाको लिखित रूपको उल्लेख्य भूमिका रहेको हुन्छ । त्यसैले प्रारम्भिक तहबाटै विद्यार्थीहरूमा लेखन सिपको विकास गराउनको लागि निबन्ध लेखनको आवश्यकता पर्दछ । त्यही आवश्यकतालाई पूरा गर्नको लागि सम्बन्धित पुस्तक तथा शोधपत्रको समीक्षा गरिएको छ । सम्बन्धित सातवटा पुस्तकको समीक्षाबाट निबन्ध लेखनको लागि आवश्यक पर्ने सम्पूर्ण पक्षहरू सहजै प्राप्त गर्न सकिन्छ भने प्रस्तुत अनुसन्धानको लागि मार्ग निर्देशन प्राप्त हुने देखिन्छ भने सम्बद्ध दशवटा अनुसन्धानले मेरो  अनुसन्धानको लागि सहयोग भएको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

निबन्ध साहित्यका विविध विधामध्ये एउटा महत्त्वपूर्ण गद्य विधा हो । यसमा प्रयोजनपरक र सिर्जनात्मक लेखनको मिश्रित रूप पाइन्छ । आफूले जानेका बुझेका र अनुभव गरेका कुरालाई निबन्धमा स्वतन्त्र रूपमा प्रस्तुत गरिन्छ । निबन्धमा निबन्धकारका नीजि भावनाहरू पनि व्यक्त हुन सक्छ । निबन्ध मोटामोटीमा निश्चित आयामको हुन्छ । निबन्धको आन्तरिक संरचना आदि, मध्य र अन्त्य गरी तिन भागमा विभाजित हुन्छ । आदि भागमा विषयको सामान्य परिचय, मध्य भागमा मुख्य भाव वा विषयको विस्तृत प्रस्तृति र अन्त्य भाग निष्कर्षको रूपमा आएको हुन्छ ।

'निबन्ध' शब्द संस्कृत भाषाबाट नेपालीमा आएको तत्सम शब्द हो । संस्कृत भाषाको 'बन्ध' धातुमा 'घञ' (अ) प्रत्यय लाग्दा 'बन्ध' शब्द बन्छ र त्यस 'बन्ध' शब्दमा 'नि' उपसर्ग लाग्दा निबन्ध शब्द बन्दछ र त्यस 'बन्ध' शब्दम 'नि' उपसर्ग लाग्दा निबन्ध शब्द बन्दछ । यसरी नि + बन्ध +घञ् (अ) मिलेर बनेको निबन्ध शब्दको व्युत्पत्तिमूलक अर्थ हुन्छ - राम्ररी बाँध्ने काम । निबन्ध शब्दको व्युत्पत्तिमूलक अर्थलाई जोडेर हेर्दा यसले जीवनजगत्का कुनै विषयलाई सौन्दर्यपूर्ण गद्य भाषाका माध्यमबाट लघु आयाममा प्रकट गरेको साहित्यिक विधालाई बुझाउँछ (भण्डारी र अन्य, २०६७: ४५१) । आख्यानेतर गद्य विधाअन्तर्गत पर्ने निबन्ध साहित्यक र साहित्येतर दुवै हुन सक्छ ।

निबन्ध भनेको त्यस्तो साहित्यक रचना हो, जुन एउटा विषयमा मात्र केन्द्रित हुन्छ । अनि यो न लामो न छोटो संरचनामा संरचित भएर लेखकका व्यक्तिगत अनुभव, अनुभूति

दृष्टिकोणहरू सहज र स्वभाविक रूपमा व्यक्त भएको हुन्छ । जीवनयापनका क्रममा लेखकले प्राप्त गरेको अनुभवहरूलाई वैयक्तिकताका साथ व्यक्त गर्दा निबन्धको सिर्जना हुन्छ । शैली वा प्रस्तुतिका आधारमा निबन्ध वस्तुपरक निबन्धमा कुनै व्यक्ति, बस्तु वा स्थानलाई विषयवस्तुका रूपमा लिएर वस्तुपरक निबन्धको रचना गर्न सकिन्छ । यस्ता निबन्धहरूमा वस्तुको वस्तुता प्रधान रूपमा आएको हुन्छ । निबन्धमा वस्तुको सम्पूर्णता व्यक्त हुने हुनाले निबन्ध पढ्नासाथ त्यसको प्रतिमूर्ति पाठकको मानसिकतामा उपस्थित हुन्छ । त्यसैगरी आत्मपरक निबन्धमा निबन्धकारले कुनै वस्तुलाई निबन्धको विषयका रूपमा टिपेर त्यसलाई आत्मगत रूपमा व्यक्त गर्दछ । तसर्थ वैयक्तिकता आत्मपरकता निबन्धको आत्मा हो । यसमा व्यक्तितत्व तथा अहमको प्रवलता रहेको हुन्छ (ओझा, २०७१: ६७) । जीवनजगत्का कुनै पनि विषयवस्तुलाई आत्मपरक वा वस्तुपरक शैलीमा प्रस्तुत गरिने आफैँमा पूर्ण गद्य साहित्यिक रचना निबन्ध हो ।

यसरी साहित्यकारले आफैले भोगेका, देखेका, सुनेका र अनुभव गरेका कुराहरूलाई अनुपम शैलीका माध्यमबाट पाठक माझ निबन्धहरू पुगेका हुँदा नेपाली साहित्य क्षेत्रमा यस विधाले आफ्नो छुट्टै अस्तित्व बनाउन सफल भएको छ ।

### २.२.१ निबन्धको परिभाषा

गद्य साहित्यको एक विशिष्ट विधाका रूपमा देखापरेको निबन्धलाई पूर्व र पश्चिम दुवैतिरका निबन्धकारहरूले आ-आफ्नै ढङ्गले परिभाषित गरेका छन् ।

उनीहरूका परिभाषामा एकरूपता नपाएर पनि उनीहरूले एक-एक पक्षलाई समेट्ने प्रयास गरेका छन् । पाश्चात्य साहित्यमा निबन्धको सुरुवात फ्रान्सबाट भएर विस्तारै बेलायत हुँदै विश्वभर फैलिएको देखिन्छ । निबन्धको परिभाषा दिने क्रममा पाश्चात्य र पूर्वीय साहित्यकारहरूले आ-आफ्नो किसिमले परिभाषा दिएको पाइन्छ । जुन परिभाषालाई यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

निबन्ध विधाका जनकका रूपमा रहेका मोन्तेनले निबन्धको परिभाषा यसरी दिएका छन् : "यिनै (निबन्ध) द्वारा कुनै नयाँ मूल्य र सत्य उद्घाटन भयो भन्ने कुरा मैले ठानेको छैन तैपनि यिनमा आफ्नो हृदय खोलेर जस्ताको तस्तै देखाउने काम भएको ठानेको छु । म नै मेरो निबन्धको विषयवस्तु हुँ किनभने मलाई सबभन्दा बढ्ता चिन्ने व्यक्ति म आफै हुँ । म त्यसैगरी फ्रान्सिस वेकनले निबन्धलाई यसरी परिभाषित गरेका छन् : 'विकीर्ण चिन्तनको

समग्र प्रस्तुतीकण निबन्ध हो ।' केही सङ्क्षिप्त टिप्पणी भएका जहाँ जिज्ञासा र भावात्मकताको स्थानमा अभिप्राय वा विचारात्मकताको मात्रा अधिक रहन्छ, तिनीहरू निबन्ध हुन्" (भण्डारी र अन्य, २०६७: ४५१-४५२) । यसरी पाश्चात्य जगतका विद्वान्हरूले निबन्धलाई परिभाषित गरेका छन् ।

त्यसैगरी नेपाली साहित्यिक जगतका निबन्धकारहरूले पनि निबन्धलाई आ-आफ्नै ढङ्गले परिभाषित गरेका छन् । नेपाली साहित्यिक क्षेत्रका प्रसिद्ध व्यक्तित्व लक्ष्मीप्रसाद देवकोटाका अनुसार "यो रौ चिरा दर्शन होइन, न हो पाण्डित्य प्रदर्शनको ठ्यास्फु ,.......... यो टेबुल गफ हो । चस्मादार अध्यापकको व्याख्यान होइन न त वमन वेदान्त" (लम्साल अन्य, २०६७: २२७) । त्यसैगरी अर्का हास्यव्यङ्ग्यकार भैरव अर्यालले निबन्धलाई यसरी परिभाषित गरेका छन्- "कुनै विषयमा आफूले जानेका, सोचेको, लागेको कुरा रसिलो पाराले प्रकट गर्ने छरितो गद्य नै निबन्ध हो" (ओझा, २०७१: ६) । यसरी नेपाली साहित्यकाहरूले पनि निबन्धको परिभाषा आ-आफ्नै ढङ्गले दिएको पाइन्छ ।

यसरी निबन्ध भन्नाले के बुझिन्छ भने निबन्ध, गद्यमा लेखिएको त्यस्तो साहित्यिक रचना हो । जसमा वैयक्तिक अनुभूति र भावनाहरूलाई अनौपचारिक शैलीमा सरल र सरस रूपमा व्यक्त गरिएको हुन्छ ।

### २.२.२ **निबन्धका तत्त्वहरू**

कुनै पनि रचना पूर्ण हुनका लागि आवश्यक पर्ने अङ्गहरू नै त्यसका तत्त्वहरू हुन् । त्यसैगरी निबन्ध लेख्दा आवश्यक पर्ने अङ्गहरूलाई नै निबन्धका तत्त्व भनिन्छ । निबन्ध सिङ्गो अर्थपूर्ण बन्नका लागि विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । विभिन्न लेखकहरूले निबन्धका तत्त्वहरूलाई आ-आफ्नै तरिकाले उल्लेख गरेको पाइन्छ । निबन्ध विधा लेखनका क्रममा आवश्यक पर्ने तत्त्वहरूका बिचमा सबैको मतैक्यता भने पाइँदैन । यसरी नै मतैक्यता नपाइए तापनि निबन्धलेखनका क्रममा समेटिनु पर्ने प्रमुख तत्त्वहरू निम्नानुसार रहेका छन् :

क) विषयवस्तु

ख) वैयक्तिकता

ग) हार्दिकता

घ)	संक्षिप्तता

ङ)	भाषा र शैली

च)	उद्देश्य

छ)	दृष्टिविन्दु

माथि उल्लेख गरिएका तत्त्वहरूको छोटकरीमा यसप्रकार व्याख्या गरिएको छ :

**क) विषयवस्तु**

विषयवस्तु निबन्धको मेरुदण्ड हो । विषयवस्तु बिना कुनै पनि निबन्धकारले निबन्धको संरचना गर्न सक्दैनन् । निबन्धकारले विषयवस्तुमाथि केन्द्रित रहेर नै कुनै पनि वैचारिक अभिव्यक्ति प्रस्तुत गर्दछ । निबन्धको भूमिका धेरै भए पनि कुनै खास विषयवस्तु नभईकन यसलाई अघि बढाउन सकिँदैन । त्यसैले विषयवस्तुमा निबन्धको आवश्यकता खड्कन गएको हो । निबन्धमा निबन्धकारले जुनसुकै प्रकारको विषय छनोट गरी लेखन सक्छन् । मानव मनबाट निबन्ध निस्कने हुनाले यसमा भावबाट निबन्धको विषयवस्तु छनोट गरिन्छ । मानवको भावुकता, आवेग, संवेदना जस्ता कुरा भाव तत्त्वसँग सम्बन्धित रहेका हुन्छन् । यिनै कुराहरूबाट निबन्धको रचना गरिन्छ । यस्तै तत्त्वसँग सम्बन्धित नभएर गम्भीर चिन्तन, विचार, तर्कजस्ता कुरा आउँछन् । यसैको कारणले निबन्धको संरचना पक्ष सबल  स्पष्ट हुन्छ (लम्साल र अन्य, २०६७ : २२८) । निबन्धका बुद्धि र भावको एक आपसमा अन्योन्याश्रित सम्बन्ध हुन्छ ।

**ख) वैयक्तिकता/आत्मपरकता**

वैयक्तिकता निबन्धको प्राण हो । निबन्धकारले आफ्नो निबन्धमा आफूले भोगेका अनुभव, बाँचेको जिन्दगी एवम् आर्जित र निर्मित व्यक्तित्वको अभिव्यक्ति दिएको हुन्छ । आत्मपरक निबन्ध रचनाका क्रममा विषयवस्तु गौण र निबन्धकारको व्यक्तित्व प्रधान हुन्छ भने वस्तुपरकमा वस्तुको प्राधान्य रहन्छ तर यसमा पनि व्यक्ति निष्ठता गौण रूपमा व्यक्त भएको हुन्छ । मात्रात्मक रूपमा घटीबढी भए पनि निबन्धमा निबन्धकारको व्यक्तित्वको अभिव्यक्ति अनिवार्य रूपमा हुने भएकाले वैयक्तिकता वा आत्मपरकता निबन्धको महत्त्वपूर्ण तत्त्व हो (ओझा, २०७१: १४) ।

### ग) हार्दिकता/बौद्धिकता

व्यक्तिको हृदय पक्षसँग सम्बद्ध कुरा हार्दिकता र मस्तिष्कसँग सम्बन्ध कुरा बौद्धिकता हो । हार्दिकता व्यक्तिको आन्तरिक व्यक्तित्व हो । आन्तरिक पक्ष प्रतिभासँग तथा बाह्य पक्ष बौद्धिक अध्ययन र अभ्याससँग सम्बन्धित हुन्छ । यी दुई पक्षमध्ये हार्दिकता निबन्धको प्रमुख तत्त्व हो । किनभने निबन्धमा हृदय पक्षको ठूलो महत्त्व रहेको हुन्छ । निबन्ध भनेकै लेखक र पाठक बिचको तादाम्य कायम हुनु हो । निबन्धमा बौद्धिकता बढी भयो भने हार्दिकताबाट धेरै टाढा जान्छ ।

बौद्धिकताले आक्रान्त निबन्ध सार्वकालीन हुन सक्दैन । निबन्ध सार्वकालीन, कालजयी र लोकप्रिय हुनका लागि हार्दिक तत्त्वको प्रबलता हुनु पर्दछ । तैपनि बौद्धिकतायुक्त निबन्धलाई पनि निबन्ध मान्न भने सकिन्छ (ओझा, २०७१: १५) । त्यसैले बौद्धिकता र हार्दिकता निबन्धका आवश्यक तत्त्व हुन् ।

### घ) संक्षिप्तता

संक्षिप्तता निबन्धको आयाम आकारप्रकारसँग सम्बन्धित बाह्य पक्ष हो । निबन्धको विषयवस्तु व्यापक पनि हुन्छ तर त्यसलाई आकर्षक तरिकाले प्रस्तुत गर्न सङ्क्षिप्त शैलीको अवलम्बन गर्नुपर्दछ । सङ्क्षिप्तताको अर्थ कुनै विषयलाई संक्षेपीकण गरी प्रस्तुत गर्नु नभएर विषयवस्तुलाई सङ्क्षिप्तता मै पूर्णता सहित प्रस्तुत गर्नु हो ।

### ङ) भाषा र शैली

कुनै पनि लिखित वा मौखिक कुराको अभिव्यक्तिको माध्यम भाषा हो भने प्रस्तुतिको तरिका शैली हो । निबन्धको भाषा गद्य हुन्छ । निबन्धको भाषा सरल, सङ्गठित र स्तरीय हुनुपर्दछ । निबन्धमा प्रस्तुत गरिएको विषयवस्तु बोक्न सक्ने खालको भाषा प्रयोग निबन्धमा अपेक्षित हुन्छ । निबन्धमा लिइएको विषयवस्तुलाई सम्प्रेषण गर्नका लागि तयार गरिएको शब्द वाक्य अनुच्छेदहरूको बुनोट नै शैली हो । निबन्धको शैली व्यक्ति पिच्छे, फरक-फरक हुन सक्छ । शैली भावका दृष्टिले संयत शैली, भावुक शैली, व्यङ्ग्य शैली हुन्छन् भने भाषाका दृष्टिले प्रसाद वा व्यास शैली र समास शैली हुन्छन् । संयत शैलीमा लेखक अनियन्त्रित भएर भावुकतालाई छताछुल्ल पोखेको हुन्छ । निबन्धमा पात्रले बोलेका कुरालाई स्पष्ट, सुन्दर र मिठासपूर्ण बनाउने काम भाषा र शैलीले गर्दछ (भण्डारी र अन्य, २०६४: ४५६-४५७) । त्यसैले निबन्धमा भाषा र शैलीको उच्च स्थान रहेको हुन्छ ।

### च) उद्देश्य

कुनै पनि रचना कुनै न कुनै उद्देश्य राखेर मात्र रचना गरिन्छ । त्यस्तै निबन्ध पनि कुनै एक उद्देश्य राखेर रचना हुनु जरुरी हुन्छ । कुनै पनि रचनामा उद्देश्यको महत्त्वपूर्ण स्थान हुने हुनाले कुनै खास निश्चित उद्देश्य प्राप्तिका निम्ति निबन्धको रचना गरिन्छ । रचनाकारले रचनाका माध्यमबाट आफ्नो भाव वा विचालाई व्यक्त गरेका हुन्छन् । त्यस्ता रचनामा कुनै निश्चित उद्देश्य रहेको हुन्छ । कुनै रचनाकारले उद्देश्य विनाको अभिव्यक्ति प्रस्तुत गरेमा त्यो केबल फोस्रो अभिव्यक्ति मात्र हुन्छ । निबन्ध विधा कुनै पनि लेखकको आत्म प्रकाशनको सशक्त माध्यम हो । यसैका माध्यमबाट लेखकले आफ्ना विचार, भावना र धारणाहरू व्यक्त गर्दछन् । छोटो तथा मीठो गद्य शैलीमा अभिव्यक्त गर्नु निबन्धको मुख्य उद्देश्य हो । पात्रको चरित्रलाई स्पष्ट, सुन्दर र मिठासपूर्ण बनाउने काम शैलीले गर्दछ ।

### छ) दृष्टिबिन्दु

निबन्धकारका भाव, विचार, अनुभव वा अनुभूतिलाई प्रस्तुत गर्ने तरिका वा पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । यो निबन्धकारका अनुभव, अनुभूति वा चिन्तनलाई अभिव्यक्त गर्ने सूक्ष्म प्रक्रिया हो । निबन्ध रचनाका क्रममा प्रथम पुरुष दृष्टिविन्दु र तृतीय पुरुष दृष्टिविन्दु दुवैको प्रयोग गरिन्छ । प्रथम पुरुष दृष्टिविन्दुलाई आन्तरिक दृष्टिविन्दु तथा तृतीय पुरुष दृष्टिबिन्दुलाई बाह्य दृष्टिबिन्दु भनिन्छ । प्रथम पुरुष दृष्टिविन्दुमा निबन्धकारले आफ्ना वैयक्तिक भाव वा ‘स्व’ को अभिव्यक्ति दिएको हुन्छ । यसमा निबन्धकार आफैं निबन्धको विषयवस्तु बन्दछ वा विषयलाई आफ्ना आत्मरागमा मुछेर व्यक्त गर्दछ । निबन्धकार पाठक सामु इमान्दार तरिकाबाट स्वयम् व्यक्त हुन्छ र पाठकसँग अन्तर्क्रिया गर्दै आफ्ना विचारसँग पाठकलाई सहमत गराउने प्रयास गर्दछ । तृतीय पुरुष दृष्टिविन्दु शैलीमा रचना गरिएका निबन्धमा निबन्धकारले कुनै विषय वा घटना सन्दर्भलाई उपस्थान गरी त्यसको वर्णन गर्दछ । कुनै पनि निबन्धपूर्ण हुनका लागि माथिका तत्त्वहरूलाई अनिवार्य रूपमा समेटिनु पर्दछ । माथि उल्लेखित विभिन्न तत्त्वहरूको संयोजनबाट नै एउटा उत्कृष्ट निबन्ध बन्दछ ।

## २.२.३ लेखन सिपको विकासमा निबन्ध लेखनको भूमिका

भाषा विचार विनिमय तथा ज्ञान आर्जनको महत्त्वपूर्ण माध्यम हो । भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये लेखाइ सिप एउटा महत्त्वपूर्ण सिपहो । लेखाइबाट

आफ्ना मनमा लागेका कुराहरू र भावनाहरूलाई शब्दका रूपमा सञ्चित गरेर अनन्त कालसम्म सुरक्षित राख्नको लागि लेखाइ सिपको प्रभावकारी भूमिका रहेको हुन्छ । संवाद लेखन, जीवनी लेखन, अनुच्छेद लेखन र कथा लेखन जस्तै निबन्ध लेखनको पनि लेखाइ सिपको विकास गर्नमा उच्च स्थान रहेको छ ।

निबन्धलेखन लेखन कलाको महत्त्वपूर्ण कार्यकलाप हो । यसका लागि विद्यार्थीहरूमा प्रशस्त प्रौढताको आवश्यकता पर्छ । यसमा स्वतन्त्र र निर्देशित दुबै किसिमका अभ्यास गराउन सकिन्छ । यसका लागि अनुच्छेद लेखनका निम्ति उपयोगी हुने खालका शीर्षकहरू नै पनि दिन सकिन्छ । निबन्धको मुख्य उद्देश्य निबन्ध लेखन सिप हासिल गर्नु र आफ्ना वस्तु तथ्यात्मक, भावनात्मक, वैचारिक आदि अभिव्यक्तिलाई विस्तारपूर्वक प्रतिपादन गरेर सो प्रतिपादनलाई पूर्वापरक्रम मिलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्ने सिप आर्जन गर्नु हो ( शर्मा र पौडेल, २०६८ : १८६) । विद्यार्थीहरूमा भावनात्मक र विश्लेषण क्षमता बढाउनको लागि पनि निबन्ध लेखनले उल्लेखनीय भूमिका खेल्दछ ।

समग्रमा भन्नुपर्दा विद्यार्थीको लेखन सिपमा निखरता ल्याउनु वर्णविन्यास शब्दभण्डार चिह्न प्रयोग, वाक्यगठन र वयकरणगत विषयवस्तु आदि, मध्य र अन्त्यको ढाँचा मिलाएर लेखनको लागि समेत निबन्धलेखनको महत्त्वपूर्ण भूमिका रहेको छ । त्यसैले लेखाइ सिपको विकास गर्नमा निबन्ध लेखनको उच्च भूमिका रहन्छ ।

### २.२.४ माध्यमिक तहमा निबन्ध शिक्षणको आवश्यकता र महत्त्व

मौखिक भाषाको दाँजोमा लिखित रूपलाई शैक्षिक गतिविधि तथा प्रशासनिक कामकाजमा बढी कार्यान्वयनमा ल्याइन्छ । मानवीय अनुभव तथा ज्ञानलाई संरचित गर्न तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा भाषालाई फैलाउन र सम्प्रेषण योग्य बनाउनको लागि भाषाको लिखित रूपको उल्लेख्य भूमिका रहेको हुन्छ । त्यसैले माध्यमिक तहका विद्यार्थीहरूमा लेखन सिपको विकास गर्नको लागि निबन्ध लेखनको आवश्यकता पर्दछ ।

सिकारुमा शैक्षिक, प्राज्ञिक र व्यावहारिक तथा मौखिक अभिव्यक्ति निकटका यावत कुरा लेख्य रूपमा प्रस्तुत गर्ने क्षमता दिलाउन, स्वतन्त्र वा सिर्जनात्मक लेखनमा सामर्थ्य बढाउन उपयुक्त लेख्य चिह्न र लिपि प्रयोग गरी स्तरीय लेख्य सिप प्राप्त गराउन, लेख्य रूपमा कलात्मक अभिव्यक्ति दिने सामर्थ्य बढाउन र जीवनका व्यावहारिक समस्या समाधान गरी आत्मनिर्भर बनेर बाँच्न लेख्य सामर्थ्य दिलाउन लेखन कलाको आवश्यकता पर्दछ (

पौडेल, २०७० : ८५) । त्यसैले विद्यार्थीहरूमा लेखन कलाको विकास गराउनको लागि निबन्ध लेखनको आवश्यकता पर्दछ ।

समग्रमा भन्नुपर्दा आफूले देखेका, सुनेका, बोलेका र पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गर्न, कुनै पनि साहित्यिक कृतिलाई आदि, मध्य र अन्त्यको ढाँचामा मिलाएर लेख्नको लागि माध्यमिक तहमा निबन्धलेखनको अभ्यास गराउनु पर्दछ । साथै निबन्ध लेखनले शब्दभण्डार क्षमताको अभिवृद्धि गर्न, स्वतन्त्र विचार प्रकट गर्ने क्षमता बढाउन क्रकिताको निर्वाह गर्न र प्रसङ्ग वा भावले मागेको भाषागत सामर्थ्यको विकास गराउन माध्यमिक तहमा निबन्ध लेखनको आवश्यकता पर्दछ ।

### २.२.५ माध्यमिक तहमा निबन्ध लेखनको प्रयोजन

निबन्ध सबैभन्दा प्रौढ गद्यविधात्मक अभिव्यक्तिले भरिएको लेख्यपाठ्य विधा हो । वैयक्तिकता, वैचारिकता, भाषिक सघनता, प्रस्तुतिगत सघनता, वाक्यगठन र शब्द प्रयोगगत विशिष्टता लगायतका दृष्टिले माध्यमिक तहमा निबन्धलेखनको प्रयोजनलाई निम्नलिखित बुँदामा उल्लेख गर्न सकिन्छ :

- निबन्धको शैलीगत विविधता र विषयगत विविधताको पहिचान गर्न,
- विद्यार्थीहरूलाई लेख्य भाषाको प्रौढतासँग परिचित गराउन,
- भाषाका ग्रहण र अभिव्यक्ति सिपको विकास गराउनु,
- विविध क्षेत्रका शब्दभण्डार क्षमताको विकास गर्नु,
- निबन्धात्मक भाषिक अभिव्यक्तिअनुरूपका विविध भाषातात्विक एवम् व्याकरणात्मक अभ्यास गराउन,
- वैयक्तिक, निर्वैयक्तिक वा आत्मपरक र भावपरक निबन्ध लेख्न अभ्यस्त गराउनु,
- निबन्ध विधाको स्वरूप पहिचान गरी स्तरयुक्त अभिव्यक्ति ढाँचामा निर्देशित र स्वतन्त्र निबन्धलेखन सिप विकास गर्न ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

अनुसन्धान कार्यमा अध्ययन विधि एक महत्त्वपूर्ण अङ्गका रूपमा रहेको हुन्छ । अध्ययनको प्रकृतिका आधारमा अध्ययन विधि तथा प्रक्रियाको अवलम्बन गरी निम्नलिखित प्रक्रिया अपनाएर अध्ययन गरिएको छ :

### ३.१.१ पुस्तकालयीय अध्ययन विधि

प्रस्तुत अध्ययनमा निबन्धलेखन सम्बन्धी सैद्धान्तिक अध्ययनका लागि विभिन्न सन्दर्भसामग्री, विभिन्न कृति, लेख रचना, निबन्धसम्बन्धी पुस्तकहरू र यसअघि तयार भएका शोधहरू अध्ययन गरी पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ ।

### ३.१.२ क्षेत्रीय अध्ययन विधि

निश्चित भौगोलिक क्षेत्रलाई सीमाङ्कन गरी त्यहाँको स्थानगत अध्ययन गरी यथार्थपरक अनुसन्धान गरिने विधिलाई क्षेत्रीय अध्ययन विधि भनिन्छ (भट्टराई, २०६८ : ३६) । क्षेत्रीय अध्ययन विधि एक महत्त्वपूर्ण विधि मानिन्छ । यस अध्ययन विधि एक महत्त्वपूर्ण विधि मानिन्छ । यस अध्ययन विधिअन्तर्गत सामग्री सङ्कलनका क्रममा शोधार्थी स्वयम् उपस्थित भई धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ । जसमा सामुदायिक र संस्थागत विद्यालयमा छात्र/छात्रालाई समावेश गरिएको छ ।

#### ३.१.२.१ जनसङ्ख्या

यस विधिमा सम्पूर्ण जनसङ्ख्या मध्येबाट प्रतिनिधित्व हुने गरी नमुना जनसङ्ख्याको छनोट गरी धादिङ जिल्लाका विभिन्न क्षेत्रका सामुदायिक पाँच र संस्थागत पाँच गरी प्रत्येक विद्यालयका दश/दशजना विद्यार्थीलाई नमुना जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । प्रत्येक विद्यालयका दश/दशजना विद्यार्थीमध्ये पाँच/पाँच जना छात्रा र छात्रलाई लिइएको छ ।

### ३.१.३ सामग्री सङ्कलनका स्रोतहरू

प्रस्तुत अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि प्राथमिक र द्वितीयक स्रोतहरूको उपयोग गरिन्छ । जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

#### ३.१.३.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ता आफैंले विभिन्न स्रोत साधनहरूको प्रयोग गरेर सङ्कलन गरिएका सामग्रीलाई प्राथमिक स्रोत भनिन्छ । प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने र धादिङ जिल्लाका प्रतिनिधि नमुना छनोट गरी विद्यालयबाट निर्धारित शीर्षक र समयमा निबन्धलेखन कार्य गरिएको छ । जसमा स्वतन्त्र र निर्देशित गरी दुई तरिकाबाट निबन्धलेखन गराइएको छ ।

#### ३.१.३.२ द्वितीयक स्रोत

अनुसन्धानकर्ताले आफूभन्दा अघि अरू कसैले उपयोग र व्याख्या विश्लेषण  गरेका सूचनाहरूको अध्ययन गरेमा त्यस्ता सामग्रीहरू द्वितीयक स्रोत सामग्री हुन् । प्रस्तुत शोधलाई सम्पन्न गर्नका लागि विभिन्न द्वितीयक स्रोतको सामग्री उपयोग गरिएको छ । यस क्रममा निबन्धलेखन सम्बन्धी शोधपत्रहरू, विभिन्न पुस्तक, पत्रपत्रिका, लेख रचना आदिलाई द्वितीयक स्रोतको रूपमा लिइएको छ ।

### ३.१.४ पूर्व परीक्षण

शोधकार्यका क्रममा तयार पारिएका निबन्धलेखनसम्बन्धी शीर्षक के-कति उपयुक्त छन् भन्ने जानकारीका लागि पूर्वपरीक्षण गरिएको छ । पूर्वपरीक्षणका क्रममा धादिङ जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका १०/१० जना विद्यार्थीहरूलाई ४ वटा निबन्धलेखनको शीर्षक दिएर निबन्ध लेखन गराइएको छ । प्राप्त उत्तरपुस्तिकाको परीक्षण गरी शोधनिर्देशक, विषयविशेषज्ञका सल्लाहमा उपर्युक्त शीर्षक चयन गरी शोधकार्य अगाडि बढाइएको छ ।

### ३.१.५ तथ्याङ्कको सङ्कलन

उपयुक्त शीर्षक निर्धारण भएपछि तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका विद्यालयमा शोधकर्ता प्रत्यक्ष उपस्थित भएर निर्धारित शीर्षकमा निश्चित समयको परिधिमा रही निबन्ध लेख्न लगाइनेछ । शीर्षक भाषिक शुद्धता, विषयवस्तुको प्रस्तुतीकरण, मौलिकता,

विषयवस्तुको संयोजन र निष्कर्षका आधारमा जम्मा १० पूर्णाङ्क मानी उत्तरपुस्तिका परीक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.१.६ तथ्याङ्कको विश्लेषण

कुनै पनि कार्यलाई सही र व्यवस्थित तरिकाले अगाडि बढाउँदै त्यसको निष्कर्षमा पुग्नका लागि प्राप्त तथ्याङ्कको विश्लेषण गर्नु आवश्यक हुन्छ । यस अध्ययनमा स्वतन्त्र लेखन र निर्देशित लेखन गरी विद्यार्थीहरूलाई दुई तरिकाले निबन्धलेखन कार्य गराउने र स्वतन्त्र लेखनमा कुनै एक शीर्षकमा विद्यार्थीहरूलाई निबन्ध लेख्न दिइएको छ भने निर्देशित लेखनमा शीर्षक र त्यससँग सम्बन्धित केही बुँदाहरू दिई निर्देशित निबन्धलेखन गराउने विद्यार्थीहरूबाट प्राप्त उत्तरपुस्तिकालाई विद्यालयको प्रकृति, लैङ्गिकताका विभिन्न आधारहरू लिएर तुलनात्मक रूपमा व्याख्या तथा विश्लेषण गर्ने तथा निबन्धलेखनका क्रममा विषयवस्तु प्रस्तुतीकरण, भाषाशैली, विभिन्न शीर्षकमा अङ्क विभाजन गरिएको छ । यसबाट प्राप्त नतिजालाई एक आपसमा तुलना गरी निष्कर्ष निकालिएको छ । शोधप्रस्तावको उद्देश्यअनुरूप सङ्कलन गरेको तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी प्रतिशत र मध्यमानको प्राप्त नतिजाको व्याख्या विश्लेषणपश्चात् निष्कर्ष निकाली सोही आधारमा सुझाबसमेत प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्ययनमा उपयोगमा ल्याइएका साङ्ख्यिकीय सुत्रहरू निम्नानुसा ररहेका छन् :

(१) **मध्यमान (Mean) गणना गर्न प्रयोगमा ल्याइएको सूत्र**

$$\overline{X} = \frac{\Sigma FX}{N} \text{ वा } \frac{\Sigma X}{N}$$

यहाँ,

$\overline{X}$ = मध्यमान

F = बारम्बारता

X = तथ्याङ्क

N = विद्यार्थी सङ्ख्या

## २. मानक विचलनको गणना गर्दा प्रयोगमा ल्याइएको सूत्र

$$\sigma = \frac{\sqrt{\Sigma Fx^2 - \left(\frac{\Sigma FX}{N}\right)^2}}{N}$$

यहाँ

$\Sigma$ = योगफल

FX = प्राप्ताङ्क र आकृतिको गुणन

$FX^2$ = प्राप्ताङ्क र आकृतिको गुणनफलको वर्ग

N = जम्मा सङ्ख्या

अतः माथि उल्लेखित सूत्रहरूका आधारमा तथ्याङ्कहरूको व्याख्या र विश्लेषण गरी प्रस्तुतीकरण गरिएको छ।

# अध्याय चार

## समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन

प्रस्तुत शोधपत्रमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता अध्ययनका लागि दिइएको परीक्षाबाट प्राप्त नतिजालाई तलको तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

### ४.१ प्राप्ताङ्कको आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूमध्ये छनोटमा परेका १०० जना विद्यार्थीहरूको आधारमा कक्षा दशमा अध्ययनरत समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिको विश्लेषण यहाँ गरिएको छ ।

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिका प्रस्तुत गरिएको छ :

**तालिका नं. १**


**प्राप्ताङ्कको आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति**

| जम्मा | २०-३० अङ्क ल्याउने | | ३१-४० अङ्क ल्याउने | | ४१-५० अङ्क ल्याउने | | ५१-६० अङ्क ल्याउने | | ६१-७० अङ्क ल्याउने | | ७१-८० अङ्क ल्याउने | | ८१ भन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| १०० | ३ | ३ | १७ | १७ | ३५ | ३५ | ३१ | ३१ | १० | १० | ३ | ३ | १ | १ |

माथि दिइएको तालिकाअनुसार समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अङ्क विश्लेषण गर्दा यहाँ नमुना छनोटमा परेका कुन विद्यार्थीहरूको प्राप्ताङ्कलाई सात श्रेणीमा विभाजन गरिएको छ । जसमा २०-३० अङ्क ल्याउने ३ जना अर्थात् ३ प्रतिशत, ३१ देखि ४० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १७ जना अर्थात् १७ प्रतिशत ५१ देखि ६० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३१ जना अर्थात् ३१ प्रतिशत, ६१ देखि ७० अङ्क ल्याउने १० जना अर्थात् १० प्रतिशत, ७१ देखि ८० अङ्क ल्याउने ३ जना अर्थात् ३ प्रतिशत छ भने ८१ भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ अर्थात् १ प्रतिशत देखिन्छ ।

**चित्र नं. १**


**प्राप्ताङ्कको आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**




माथिको स्तम्भ चित्रको आधारमा नतिजाको विश्लेषण गर्दा सबैभन्दा तल्लो तहमा २०-३० प्राप्ताङ्क हासिल गर्ने ३ जना ३१-४० सम्म प्राप्ताङ्क हासिल गर्ने १७ जना, ४१-५० प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी सङ्ख्या ३५ जना रहेका छन् । ५१-६० सम्म प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी सङ्ख्या ३१ जना छन् । ७१-८० प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी ३ जना र ८१ भन्दा माथि प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी १ जना रहेको छ । प्रस्तुत तथ्याङ्कलाई वृत्त चित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

चित्र नं. २

**प्राप्ताङ्कको आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**




माथिको वृत्त चित्रको आधारमा नतिजाको विश्लेषण गर्दा सबैभन्दा तल्लो तहमा २०-३० प्राप्ताङ्क हासिल गर्ने ३ जना ३१-४० सम्म प्राप्ताङ्क हासिल गर्ने १७ जना, ४१-५० प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी सङ्ख्या ३५ जना रहेका छन् । ५१-६० सम्म प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी सङ्ख्या ३१ जना छन् । ७१-८० प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी ३ जना र ८१ भन्दा माथि प्राप्ताङ्क हासिल गर्ने विद्यार्थी १ जना रहेको छ ।

निष्कर्षमा भन्नुपर्दा धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत छात्र, छात्राहरूको निबन्धलेखन क्षमता सन्तोषजनक रहेको पाइयो ।

## ४.२ मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. २**


**मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**

| जम्मा विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ४९.६ | ११.२४ | ५५ | ५५ | ४५ | ४५ |

माथिको तालिकामा धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखनमा प्राप्ताङ्कको मध्यमान ४९.६ रहेको छ । जसलाई प्रतिशतमा गणना गर्दा ४९.६ नै हुन आउँछ । मध्यमानभन्दा बढी अङ्क ल्याउने ५५ जना अर्थात् ५५ प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने ४५ जना अर्थात् ४५ प्रतिशत रहेको छ । १०० पूर्णाङ्कको परीक्षामा विद्यार्थीहरूको मानक विचलन भने ११.२४ रहेको छ ।

**चित्र नं. ३**

**मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**





यसरी हेर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी र मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या कम रहेकोले समग्रमा धादिङ जिल्लाको

निबन्धलेखन क्षमता सन्तोषजनक नै देखिन्छ । प्रस्तुत तथ्याङ्कलाई वृत्त चित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

**चित्र नं. ४**

**मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**




माथिको वृत्तचित्रमा धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखनमा प्राप्ताङ्कको मध्यमानभन्दा बढी अङ्क ल्याउने ५५ प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने ४५ प्रतिशत रहेको छ ।

# अध्याय पाँच

## विद्यालयको प्रकृतिका आधारमा निबन्धलेखन क्षमताको अध्ययन

धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूमध्ये छनोटमा परेका १०० जना विद्यार्थीहरूका उत्तरहरूका आधारमा कक्षा दशका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति यहाँ विश्लेषण गरिएको छ :

प्रस्तुत अध्ययनमा विद्यालयको प्रकृतिका आधामा सामुदायिक र संस्थागत विद्यालयलाई आधार बनाइएको छ । जसमा धादिङ जिल्लाका पाँच सामुदायिक विद्यालयका ५० जना र पाँच संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरू रहेका छन् । छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तलको तालिकामा गरिएको छ ।

### ५.१ प्राप्ताङ्कका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा नमुनाका रूपमा परेका धादिङ जिल्लाका पाँच सामुदायिक विद्यालयका १०/१० जनाका दरले ५० जना कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकाका निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ३**

**प्राप्ताङ्कको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता**


| जम्मा | २०-३० अङ्क ल्याउने | | ३१-४० अङ्क ल्याउने | | ४१-५० अङ्क ल्याउने | | ५१-६० अङ्क ल्याउने | | ६१-७० अङ्क ल्याउने | | ७१-८० अङ्क ल्याउने | | ८१ भन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ५० | २ | ४ | ८ | १६ | १९ | ३८ | १६ | ३२ | ५ | १० | ० | ० | ० | ० |

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूलाई १०० पूर्णाङ्कको निबन्धलेखन क्षमतामा सबैभन्दा कम अङ्क अर्थात् २ जना अर्थात् ४ प्रतिशत

रहेको छ । ३१-४० अङ्क ल्याउने ८ जना अर्थात् १६ प्रतिशत रहेको छ । ४१-५० अङ्क ल्याउने १९ जना अर्थात् ३८ प्रतिशत रहेको छ । जसमा सबैभन्दा बढी सङ्ख्या रहेको देखिन्छ । ५१-६० अङ्क ल्याउने १६ जना अर्थात् ३२ प्रतिशत रहेको छ । ६१-७० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ जना अर्थात् १० प्रतिशत रहेको छ । ७१ भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या शून्य देखिएको छ । जसले गर्दा धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत सामुदायिक विद्यालय तर्फका विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यम स्तरको पाइयो ।

**चित्र नं. ५**


**प्राप्ताङ्कको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता ( प्रतिशतमा)**




माथिको स्तम्भ चित्रलाई विश्लेषण गर्दा ३० भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या र ३० भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ४० रहेकाले समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यम रहेको देखिन्छ । प्रस्तुत तथ्याङ्कलाई वृत्त चित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

चित्र नं. ६

**प्राप्ताङ्कको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता**




माथिको वृत्त चित्रलाई विश्लेषण गर्दा ३० भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या र ३० भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ४० रहेकाले समग्रमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यम रहेको देखिन्छ ।

### ५.१.१ मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार प्रस्तुत गरिएको छः

**तालिका नं. ४**


**मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता**

| जम्मा विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४८.३ | ९.८० | ३० | ६० | २० | ४० |

उपर्युक्त तालिकामा धादिङ जिल्लाका पाँच सामुदायिक विद्यालयका कक्षा दशमा अध्ययनत विद्यार्थीहरूले निबन्धलेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४८.३ देखिएको छ भने प्रतिशत पनि ४८.३ नै रहेको छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ३० जना र प्रतिशत ६० रहेको छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० जना र ४० प्रतिशत रहेको पाइन्छ । त्यसैगरी उक्त तालिकामा मध्यमान देखिएको मानक विचलन ९.८० रहेको छ ।

**चित्र नं. ७**


**मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति**




यसरी मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ३० अर्थात् ६० प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २० अर्थात् ४० प्रतिशत रहेकाले विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

**चित्र नं. ८**

**मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति**




माथिको वृत्तचित्रमा मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ६० प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ४० प्रतिशत रहेकाले विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

## ५.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा धादिङ जिल्लाका पाँच संस्थागत विद्यालयलाई नमुनाका रूपमा छनोट गरिएको छ । छनोटमा परेका पाँच संस्थागत विद्यालयका १०/१० जनाका दरले जम्मा ५० जना विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

### ५.२.१ प्राप्ताङ्कको आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५**


**प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता**

| जम्मा | २०-३० अङ्क ल्याउने | | ३१-४० अङ्क ल्याउने | | ४१-५० अङ्क ल्याउने | | ५१-६० अङ्क ल्याउने | | ६१-७० अङ्क ल्याउने | | ७१-८० अङ्क ल्याउने | | ८१ भन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| १०० | ६ | १२ | ३ | ६ | १५ | ३० | १४ | २८ | ८ | १६ | ३ | ६ | १ | २ |

माथिको तालिकाअनुसार ३० भन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ६ जना अर्थात् १२ प्रतिशत, ३१ देखि ४० अङ्क ल्याउने ३ जना अर्थात् ६ प्रतिशत, ४१ देखि ५० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १५ जना अर्थात् ३० प्रतिशत, ५१-६० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १४ अर्थात् २८ प्रतिशत, ६१-७० सम्म अङ्क ल्याउने ८ अर्थात् १६ प्रतिशत, ७१ देखि ८० अङ्क ल्याउने विद्यार्थी ३ जना अर्थात् ६ प्रतिशत र ८१ अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ जना अर्थात् २ प्रतिशत रहेको पाइयो । यसर्थ धादिङ जिल्लाको संस्थागत विद्यालयको कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यम स्तरको रहेको पाइयो ।

**चित्र नं. ९**


**प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयको निबन्धलेखन क्षमता**



यसरी माथिको चित्रलाई आधार मानी हेर्दा धादिङ जिल्लाको कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यम (ठीकै) रहेको मान्न सकिन्छ ।

**चित्र नं. १०**

**प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयको निबन्धलेखन क्षमता**




माथिको वृत्तचित्रअनुसार ३० भन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या १२ प्रतिशत, ३१ देखि ४० अङ्क ल्याउने ६ प्रतिशत, ४१ देखि ५० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३० प्रतिशत, ५१-६० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २८ प्रतिशत, ६१-७० सम्म अङ्क ल्याउने १६ प्रतिशत, ७१ देखि ८० अङ्क ल्याउने विद्यार्थी ६ प्रतिशत र ८१ अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ प्रतिशत रहेको पाइयो ।

### ५.२.२ मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ६**


**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता**

| जम्मा विद्यार्थी सङ्ख्या | मानक विचलन | मध्यमान | प्रतिशत | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १४.१६ | ५१.१ | ५१.१ | १९ | ३८ | ३१ | ६२ |

माथि देखाइएको तालिकाका आधारमा धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ५१.१ देखिएको छ । जसलाई प्रतिशतमा गणना गर्दा ५१.१ नै हुन्छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि अङ्क अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १९ र प्रतिशतमा ३८ प्रतिशत रहेको छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ३१ र प्रतिशत ६२ प्रतिशत रहेको छ । जसबाट संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यम स्तरको पाइयो ।

**चित्र नं. ११**


**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता**



माथिको चित्रलाई हेर्दा मध्यमानभन्दा तल ३१ अर्थात् ६२ प्रतिशत र मध्यमानभन्दा माथि १९ अर्थात् ३८ प्रतिशत रहेको छ ।

**चित्र नं. १२**

**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमता**




माथिको वृत्तचित्रलाई हेर्दा मध्यमानभन्दा तल ३१ अर्थात् ६२ प्रतिशत र मध्यमानभन्दा माथि १९ अर्थात् ३८ प्रतिशत रहेको छ ।

### ५.२.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थितिलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. ७**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना**


| समूह | विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | ४९.६ | ४८.३ | ९.८० | ३० | ६० | २० | ४० |
| संस्थागत | ५० | | ५०.१ | १४.१६ | १९ | ३८ | ३१ | ६२ |

माथि दिइएको तालिकाअनुसार विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति देखाइएको छ । जसमा धादिङ जिल्लाका ५ सामुदायिक र ५ संस्थागत विद्यालयलाई नमुनाका रूपमा लिइएको छ । प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ ।

तसर्थ तालिकाअनुसार यहाँ १०० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४९.६ रहेको छ । त्यसैगरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान र मानक विचलन छुट्टाछुट्टै रहेको छ। जसमा सामुदायिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ४८.३ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ५१.१ रहेको छ । त्यसैगरी सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन ९.८० रहेको छ भै संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन १४.१६ देखिन्छ । यसरी सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमतालाई हेर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने सरकारी विद्यार्थीको सङ्ख्या ३० जना अर्थात् ६० प्रतिशत देखिन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या विद्यार्थी सङ्ख्या ३१ अर्थात् ६२ प्रतिशत रहेको पाइन्छ । तसर्थ सामुदायिक र संस्थागत विद्यालयको विद्यार्थीहरूको निबन्धलेखन क्षमताभन्दा सामुदायिक विद्यालयको विद्यार्थीहरूको निबन्धलेखन क्षमता २२ प्रतिशतले बढी देखिएकोले संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको देखिन्छ ।

**चित्र नं. १३**

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना**




माथिको चित्रमा सामुदायिक विद्यालयमा मध्यमानभन्दा माथि अङ्क ल्याउने ६० प्रतिशत र मध्यमानभन्दा तल अङ्क ल्याउने ४० प्रतिशत रहेको छ । त्यस्तै संस्थागत विद्यालयमा मध्यमानभन्दा माथि ल्याउने ३८ प्रतिशत र मध्यमानभन्दा तल ल्याउने ६२ प्रतिशत रहेको देखिन्छ ।

# अध्याय छ

## लैङ्गिकताका आधारमा निबन्धलेखन क्षमताको अध्ययन

धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूमध्ये छनोटमा परेका १०० जना विद्यार्थीहरूको प्राप्ताङ्कको आधारमा कक्षा दशमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको विश्लेषण गरिएको छ ।

धादिङ जिल्लाका ५ सामुदायिक र ५ संस्थागत विद्यालयका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन गर्दा लैङ्गिकताका आधारमा विद्यार्थीहरूलाई छात्र र छात्रामा विभाजन गरिएको छ । प्रस्तुत अध्ययनमा लैङ्गिकताको दृष्टिकोणले कक्षा दशमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको व्याख्या तथा विश्लेषण तलको तालिका छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ ।

### ६.१ प्राप्ताङ्कका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा छनोटमा परेका १०० जना विद्यार्थीहरूमध्ये ५० जना छात्र विद्यार्थीहरूलाई मात्र नमुनाको रूपमा लिइएको छ । नमुनाका रूपमा लिइएका छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

**तालिका नं. ८**

**प्राप्ताङ्कका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**


| जम्मा | २०-३० अङ्क ल्याउने | | ३१-४० अङ्क ल्याउने | | ४१-५० अङ्क ल्याउने | | ५१-६० अङ्क ल्याउने | | ६१-७० अङ्क ल्याउने | | ७१-८० अङ्क ल्याउने | | ८१ भन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ५० | ६ | १२ | ९ | १८ | १७ | ३४ | १२ | २४ | ५ | १० | १ | २ | ० | ० |

प्रस्तुत तालिकामा कक्षा दशमा अध्ययनरत समुदायिक र संस्थागत विद्यालयका छात्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क विश्लेषण गरी देखाइएको छ । यस तालिकाका अनुसार

५० जना छात्र विद्यार्थीहरूमध्ये २१-३० सम्म अङ्क ल्याउने ६ जना अर्थात् १२ प्रतिशत त्यसैगरी ३१-४० अङ्क ल्याउने ९ जना अर्थात् १८ प्रतिशत, ४१-५० अङ्क ल्याउने १७ जना अर्थात् ३४ प्रतिशत, ५१-६० अङ्क ल्याउने १२ जना अर्थात् १० प्रतिशत, ६१-७० सम्म अङ्क ल्याउने ५ जना अर्थात् १० प्रतिशत, ७१-८० सम्म ल्याउने ५ जना अर्थात् १० र प्रतिशत रहेको छ, त्यस्तै गरी ८१ भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या शुन्य रहेको पाइयो ।

**चित्र नं. १४**

**प्राप्ताङ्कका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**





यसरी संस्थागत विद्यालयका छात्रहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा विश्लेषण गर्दा २१-३० सम्मको स्केलमा अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्यालाई प्रतिशतमा बदलेर हेर्दा १२ प्रतिशत देखिन्छ भने २१-४० अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३४ प्रतिशत, ४१-५० अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३४ प्रतिशत रहेको छ । यो नै छात्रहरूले उच्च अङ्क प्राप्त गर्ने समूह पाइयो । ५१-६० अङ्क प्राप्त गर्ने सङ्ख्यालाई प्रतिशतमा बदल्दा २४ प्रतिशत पाइयो भने ६१-७० सम्म अङ्क प्राप्त गर्ने प्रतिशत १० पाइयो, ७१-८० सम्म अङ्क प्राप्त गर्ने प्रतिशत २ प्रतिशत देखियो । उच्च अङ्क प्राप्त गर्ने

प्रतिशत न्यून हुनुले के सङ्केत गर्दछ भने संस्थागत विद्यालयका छात्रहरूको निबन्धलेखन क्षमता मध्यम खालको रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

चित्र नं. १५

**प्राप्ताङ्कका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**




माथिको वृत्तचित्रमा २१-३० सम्मको स्केलमा अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्यालाई प्रतिशतमा बदलेर हेर्दा १२ प्रतिशत देखिन्छ भने २१-४० अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३४ प्रतिशत, ४१-५० अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ३४ प्रतिशत रहेको छ । यो नै छात्रहरूले उच्च अङ्क प्राप्त गर्ने समूह पाइयो । ५१-६० अङ्क प्राप्त गर्ने सङ्ख्यालाई प्रतिशतमा बदल्दा २४ प्रतिशत पाइयो भने ६१-७० सम्म अङ्क प्राप्त गर्ने प्रतिशत १० पाइयो, ७१-८० सम्म अङ्क प्राप्त गर्ने प्रतिशत २ प्रतिशत देखियो ।

### ६.१.१ मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ९**


**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**

| जम्मा विद्यार्थी सङ्ख्या | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४६.३ | ४६.३ | १२.१४ | २३ | ४६ | २७ | ५४ |

माथिको तालिकाअनुसार ५० जना छात्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४६.३, प्रतिशत ४६.३ र मानक विचलन १२.१४ रहेको पाइयो । उक्त परीक्षणमा मध्यमानभन्दा माथि विद्यार्थीहरूको सङ्ख्या २३ अर्थात् ४६ प्रतिशत, त्यसैगरी मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूको सङ्ख्या २७ अर्थात् ५४ प्रतिशत रहेको पाइन्छ। प्राप्त तथ्याङ्कको आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता मध्यम रहेको देखिन्छ।

**चित्र नं. १६**

**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**





माथिको चित्रको आधारमा धादिङ जिल्लाको संस्थागत विद्यालयमा कक्षा दशमा अध्ययनरत छात्रहरूको निबन्धलेखन क्षमतालाई विश्लेषण मध्यमानभन्दा माथि अङ्क

ल्याउने छात्र सङ्ख्या २३ अर्थात् ४६ प्रतिशत र मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २७ अर्थात् ५४ प्रतिशत रहेको पाइयो ।

**चित्र नं. १७**

**मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमता**




माथिको चित्रको आधारमा मध्यमानभन्दा माथि अङ्क ल्याउने छात्र सङ्ख्या ४६ प्रतिशत र मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५४ प्रतिशत रहेको पाइयो ।

## ६.२ छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा धादिङ जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका जम्मा ५० जना छात्राहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । छनोटमा परेका कक्षा दशमा अध्ययनरत छात्रा विद्यार्थीहको निबन्धलेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

### ६.२.१ प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं. १०


## प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता

| विद्यार्थी सङ्ख्या | २०-३० अङ्क ल्याउने | | ३१-४० अङ्क ल्याउने | | ४१-५० अङ्क ल्याउने | | ५१-६० अङ्क ल्याउने | | ६१-७० अङ्क ल्याउने | | ७१-८० अङ्क ल्याउने | | ८१ भन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र | स | प्र |
| ५० | १ | २ | ३ | ६ | १७ | ३४ | १८ | ३६ | ८ | १६ | २ | ४ | १ | २ |

माथि देखाइएको तालिकाअनुसार ५० जना छात्रा विद्यार्थीहरूमा गराइएको निबन्धलेखनमा २१-३० अङ्क ल्याउने १ जना अर्थात् २ प्रतिशत, ३१-४० सम्म अङ्क ल्याउने ३ जना अर्थात् ६ प्रतिशत, ४१-५० सम्म अङ्क ल्याउने १७ जना अर्थात् ३४ प्रतिशत, ५१-६० सम्म अङ्क ल्याउने १८ जना अर्थात् ३६ प्रतिशत, ६१-७० सम्म अङ्क ल्याउने ८ जना अर्थात् १६ प्रतिशत, ७१-८० सम्म अङ्क ल्याउने २ जना अर्थात् ४ प्रतिशत ८१ भन्दा माथि अङ्क ल्याउने १ जना अर्थात् २ प्रतिशत रहेको पाइयो ।

## चित्र नं. १८


## प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता



प्रस्तुत प्राप्ताङ्कका आधारमा हेर्दा २१-३० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ जना ३१ भन्दा माथि ४० भन्दा कम अङ्क गर्ने ३ जना, ४१ भन्दा माथि ५० भन्दा कम अङ्क ल्याउने १७ जना, ५१ भन्दा माथि ६० भन्दा कम अङ्क ल्याउने १८ जना, ६१ भन्दा माथि ७० भन्दा कम अङ्क ल्याउने ८ जना ७१ भन्दा माथि ८० भन्दा कम अङ्क ल्याउने २ जना र ८० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ जना रहेको पाइयो । समग्रमा धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ ।

**चित्र नं. १९**

**प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता**




माथिको वृत्तचित्रका अनुसार २१-३० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ प्रतिशत, ३१ भन्दा माथि ४० भन्दा कम अङ्क गर्ने ६ प्रतिशत, ४१ भन्दा माथि ५० भन्दा कम अङ्क ल्याउने ३४ प्रतिशत, ५१ भन्दा माथि ६० भन्दा कम अङ्क ल्याउने ३६ प्रतिशत, ६१ भन्दा माथि ७० भन्दा कम अङ्क ल्याउने १६ प्रतिशत, ७१ भन्दा माथि ८० भन्दा कम अङ्क ल्याउने ४ प्रतिशत र ८० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ प्रतिशत रहेको पाइयो ।

### ६.२.२ मध्यमान, प्रतिशत र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति

तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको मध्यमान, प्रतिशत र मानक विचलनको आधामा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ११**


**मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १०० | ५३.३ | ५३.३ | ११.०२ | २८ | ५६ | २२ | ४४ |

प्रस्तुत तालिकामा कक्षा दशमा अध्ययनरत छात्र विद्यार्थीहरूको निबन्धलेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ५३.३, मानक विचलन ११.०२ प्रतिशत ५३.३ रहेको पाइयो । उक्त तालिकाको मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि निबन्धलेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २८ जना अर्थात् ५६ प्रतिशत रहेको छ भने मध्यमानभन्दा कम निबन्धलेखन क्षमता भएको विद्यार्थी सङ्ख्या २२ जता ४४ प्रतिशत रहेको छ । समग्रमा छात्राहरूको निबन्धलेखन क्षमता राम्रो रहेको पाइयो ।

**चित्र नं. २०**


**मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता**




प्रस्तुत स्तम्भ चित्रका आधारमा मध्यमानभन्दा बढी र मध्यमानभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्यालाई देखाइएको छ । जहाँ मध्यमानभन्दा बढी अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्यालाई प्रतिशतमा देखाउँदा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने सङ्ख्या ५६ र मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने सङ्ख्या ४४ रहेको छ ।

**चित्र नं. २१**

**मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमता**



प्रस्तुत वृत्तचित्रका आधारमा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने सङ्ख्या ५६ र मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने सङ्ख्या ४४ रहेको छ ।

### ६.२.३ छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थिति

प्राप्त तथ्याङ्कका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १२**

**छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना**


| समूह | विद्यार्थी सङ्ख्या | समग्र मध्यमान | मध्यमान | प्रतिशत | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | ४९.६ | ४६.३ | ४६.३ | १२.१३ | १२.१३ | २३ | ४६ | २७ |
| छात्रा | ५० | | ५३.३ | ५३.३ | ११.०२ | २८ | ५६ | २२ | ४४ |

माथिको तालिकाअनुसार लैङ्गिकताका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति देखाइएको छ । तालिकाअनुसार समग्र विद्यार्थीहरूको मध्यमान ४९.६ रहेको छ भने छात्रा र छात्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क, प्रतिशत र मानक विचलनको छुट्टाछुट्टै देखाइएको छ । जसअन्तर्गत छात्रहरूले प्राप्त गरको मध्यमान ४६.३ मानक विचलन १२.१३ र प्रतिशत ४६.३ रहेको छ । त्यसैगरी छात्राहरूले प्राप्त गरेको मध्यमान ५३.३, मानक विचलन ११.०२ र प्रतिशत ५३.३ रहेको पाइन्छ ।

त्यसैगरी छात्रहरूले प्राप्त गरेको मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २३ र प्रतिशत ४६ र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २७ र ५६ प्रतिशत देखिन्छ । त्यसैगरी छात्राहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई हेर्दा मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्राहरूको सङ्ख्या २८ र प्रतिशत ५६ छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने छात्राहरूको सङ्ख्या २२ र ४४ प्रतिशत रहेको पाइयो । तसर्थ छात्र र छात्राहरूको निबन्धलेखन क्षमतालाई तुलना गरेर हेर्दा छात्रहरूको निबन्धलेखन क्षमतालाई तुलना गरेर हेर्दा छात्रहरूको तुलनामा छात्राको निबन्धलेखन क्षमता १० प्रतिशतले बढी देखिन्छ ।

**चित्र नं. २२**

**छात्रा र छात्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना**




माथिको तथ्याङ्कलाई केलाउँदा छात्रहरूको भन्दा छात्राहरूको निबन्धलेखन क्षमता १० प्रतिशतले बढी देखिन्छ । यसर्थ धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक विश्लेषण गर्दा छात्रको तुलनामा छात्राको निबन्धलेखन क्षमता उच्च रहेको पाइयो ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये लेखाइ सिप एउटा महत्त्वपूर्ण सिप हो । विद्यार्थीहरूमा शुद्ध र स्तरीय भाषा प्रयोग गर्नका लागि लेखाइ सिपले उल्लेखनीय भूमिका खेल्दछ । निष्कर्ष लेखन, लेखन कला सिपको उच्च स्तरीय सिपअन्तर्गत पर्दछ । त्यसैले प्रारम्भिक तहबाटै विद्यार्थीहरूको लेखन सिपको विकास गर्नका लागि निबन्धलेखनको आवश्यकता पर्दछ ।

यस अध्ययनमा प्रस्तुत शोधकार्यलाई पहिलो, दोस्रो, तेस्रो, चौँथो, पाँचौ, छैठौ र सातौँ गरी जम्मा सात अध्याय विभाजन गरिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ ।

अध्याय एकमा शोधको परिचय र यसअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधकार्यको उद्देश्य, सान्दर्भिकता र उपयोगिता, अध्ययनको सीमाङ्कन आदि पर्दछन् ।

अध्याय दुई पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणालाई समेटिएको छ । यस अन्तर्गत निबन्धको परिचय, परिभाषा निबन्धका तत्त्वहरू, निबन्धलेखनको भूमिका, निबन्ध शिक्षणको प्रयोजन, निबन्ध शिक्षणको आवश्यकता र महत्त्व र निबन्धलेखनका क्रियाकलापहरू समेटिएका छन् ।

अध्याय तिनमा शोध विधि र प्रक्रियालाई राखिएको छ । जसअन्तर्गत शोध विधिमा पुस्तकालयीय अध्ययन विधि, क्षेत्रीय अध्ययन विधि, जनसङ्ख्या, नमुना छनोट त्यसैगरी सामग्री सङ्कलनका स्रोतहरू, तथ्याङ्क सङकलन र विश्लेषण, अनुसन्धानमा साङ्ख्यिकीको प्रयोग र शोधपत्रको रूपरेखालाई समेटिएको छ ।

अध्याय चारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन, प्राप्ताङ्कका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति र मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई प्रस्तुत गरिएको छ ।

अध्याय पाँचअन्तर्गत विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन, प्राप्ताङ्कका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति र मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थितिलाई तुलनात्मक रूपमा व्याख्या र विश्लेषण गरिएको छ ।

अध्याय छमा लैङ्गिकताको आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन, प्राप्ताङ्कका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको स्थिति र मध्यमान, मानक विचलन र प्रतिशतका आधारमा छात्र र छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलनात्मक रूपमा व्याख्या र विश्लेषण गरिएको छ ।

अध्याय सातअन्तर्गत सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

समग्रमा हेर्दा विद्यार्थीहरूले निबन्धलेखनका क्रममा विषयवस्तुलाई आदि, मध्य र अन्त्यको ढाँचामा मिलाएर लेख्न नजानेको देखियो । भाषाशैली राम्रो भए तापनि विद्यार्थीहरूको भाषिक शुद्धताको पनि कमजोरी देखियो । त्यसैले विद्यार्थीहरूमा देखिएको यस्ताा कमजोरीहरू हटाई लेखनकला सिपको उच्च स्तरीय विकासको लागि निबन्धलेखनको अभ्यासको गराउनु अनिवार्य भनिन्छ । विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क, मध्यमान र मानक विचलन, प्रतिशतको आधारमा हेर्दा संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयको निबन्धलेखन राम्रो रहेको पाइयो । त्यसैगरी लैङ्गिकताका आधारमा विद्यार्थीहरूको लेखन क्षमताको तुलना गर्दा छात्रहरूको तुलनामा छात्राहरूको निबन्धलेखन क्षमता उच्च रहेको देखिन्छ ।

## ७.२ निष्कर्ष

मौखिक भाषाको दाँजोमा भाषाको लिखित रूपलाई शैक्षिक गतिविधि तथा प्रशासनिक कामकाजमा बढी प्रयोग प्रचलनमा ल्याइन्छ । मानवीय ज्ञान तथा अनुभवलाई संगठित गर्न तथा राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा फैलाउन र सम्प्रेषण योग्य बनाउको लागि भाषाको लिखित रूपको उल्लेखनीय भूमिका रहेको छ । त्यसैले प्रारम्भिक तहबाटै विद्यार्थीहरूमा लेखन सिपको विकास गराउनको लागि निबन्धलेखनको आवश्यकता पर्दछ । यहाँ धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययनकाट निम्नलिखित निष्कर्ष निकालिएको छ :

- विद्यार्थीहरूमा निबन्धलेखन क्षमताको विकास गराउने क्रममा विद्यालयमा निबन्धलेखनको अभ्यास प्रशस्त मात्रामा नगराएको पाइयो ।
- निबन्धलेखनका क्रममा विद्यार्थीहरूमा निबन्धलेखनका विधि र प्रक्रियाबारे राम्रो ज्ञन नभएको पाइयो ।
- निबन्धलेखनमा विद्यार्थीहरूले प्रयोग गरेको भाषाशैली मध्यम स्तरको देखियो भने भाषिक शुद्धतामा भने कमजोर स्थिति देखियो ।
- लेखन सिप विकासका संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरू अगाडि रहेको पाइयो ।
- संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत छात्रहरूभन्दा छात्रा विद्यार्थीहरू नै लेखन सिपमा अगाडि रहेको पाइयो ।
- विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा रूपमा निबन्धलेखनलाई नसमेटिएको पाइयो ।
- कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता सन्तोषजनक नै देखिन्छ ।
- निबन्धलेखनका क्रममा विद्यार्थीहरूको भाषाशैली ठिकै भए पनि भाषिक शुद्धतामा भने कमजोर देखिन्छ ।
- समग्रताका आधारमा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको मूल्याङ्कन गर्दा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ४९.६ रहेको छ । मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५५ जना अर्थात् ५५ प्रतिशत मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४५ जना अर्थात् ४५ प्रतिशत रहेको छ ।
- लैङ्गिकताका आधारमा छात्रा विद्यार्थीहरूको निबन्धलेखन क्षमताको मूल्याङ्कन गर्दा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान ५३.३ छात्रा विद्यार्थीहरूले प्राप्त गरेको ४६.३ रहेको छ । मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्राहरूको सङ्ख्या २८ अर्थात् ५६ प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने छात्राहरूको सङ्ख्या २३ अर्थात् ४६ रहेको देखिन्छ । त्यसैगरी मध्यमानभन्दा बढी अङ्क ल्याउने छात्रहरूको सङ्ख्या २३ जना अर्थात् ४६ प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने छात्रहरू

२७ अर्थात् ५४ प्रतिशत रहेको देखिन्छ । प्रस्तुत तथ्याङ्कको आधारमा छात्राहरूको तुलनामा छात्राहरूको निबन्धलेखन क्षमता उच्च रहेको देखिन्छ ।

- त्यसैगरी विद्यालय प्रकृतिका आधारमा हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ४८.३ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान ५१.१ रहेको छ । मध्यमानभन्दा बढी अङ्क ल्याउने सामुदायिक विद्यालयको विद्यार्थी सङ्ख्या ३० जना अर्थात् ६० प्रतिशत रहेको देखिन्छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० जना अर्थात् ४० प्रतिशत देखिन्छ । त्यस्तैगरी संस्थागत विद्यालयको मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १९ जना ३८ प्रतिशत र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३१ जना अर्थात् ६२ प्रतिशत रहेको देखिन्छ । अतः माथिको नतिजाको आधारमा विश्लेषण गर्दा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको निबन्धलेखन क्षमता उच्च रहेको देखिन्छ ।

यसरी सम्पूर्ण कुराहरूलाई सूक्ष्म रूपमा विश्लेषण गरेर हेर्दा धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमतामा एकरूपता पाइँदैन । त्यसैले विद्यार्थीहरूमा लेखन सिप विकास गराउनुका साथै सिर्जनात्मक क्षमताको विकास गराउनको लागि विद्यालयमा निबन्धलेखनको प्रशस्त मात्रामा अभ्यास गराउनुपर्ने देखिन्छ ।

## ७.३ उपयोगिता

लेखन कलाको समुचित विकास गर्न, शब्दभण्डार क्षमताको विकास गर्न र सिर्जनात्मक क्षमताको विकास गराउनको लागि निबन्धलेखनको प्रमुख स्थान रहेको छ । लिखित अभिव्यक्ति दिने, व्यक्ति लेखाइमा देखापर्ने शब्द प्रयोगगत, वाक्य संरचनागत विचार सङ्गठन वा प्रस्तुतीकरण र सफाइगत त्रुटिपूर्ण क्रमशः कम गर्दै लगेर तिनीहरूको निराकरण तथा अभिव्यक्तिलाई स्तरीय बनाउनको लागि विद्यार्थीहरूमा निबन्धलेखन गराउनु अनिवार्य ठहरिन्छ ।

समग्रमा निबन्धलेखनको उपयोगितालाई नीतिगत उपयोगिता र तहगत उपयोगिता गरी तल प्रस्तुत गरिएको छ :

### ७.३.१ नीतिगत तह

प्रस्तुत शोधको नीतिगत उपयोगितालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- प्रस्तुत शोधको अध्ययनबाट माध्यमिक तहको भाषा पाठ्यक्रममा समावेश गरिने भाषिक सिपका उद्देश्य पुरा हुने गरी विधागत तथा क्षेत्र निर्धारण गर्न सहयोग पुऱ्याउने छ ।
- यस अध्ययनले निबन्धलेखन क्षमतासँग सम्बन्धित अन्य लेखन क्षमताको अध्ययन अनुसन्धान गर्न सहयोग पुऱ्याउने छ ।
- नेपाली भाषा पाठ्यक्रम निर्माण गर्दा परिस्कार र परिमार्जन गर्न सहयोग पुऱ्याउनेछ ।
- भावी दिनहरूमा निबन्धलेखनसम्बन्धी अध्ययन अनुसन्धान गर्न सहयोग मिल्ने छ ।
- अभ्यासात्मक खण्डमा सिर्जनात्मक अभ्यासको महत्त्व झल्काउने छ ।
- धादिङ जिल्लाका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको पहिचान गर्न सहयोग पुग्नेछ ।
- प्रस्तुत अध्ययन भाषा पाठ्पयक्रम समावेश गरिने चारै सीपका उद्देश्यहरू पूरा हुने गरी छनोट तथा विधागत क्षेत्र निर्धारण गर्न सहयोग पुऱ्याउने छ ।
- यस अध्ययनले विद्यालय तहमा निबन्ध शिक्षणको महत्त्व बारेमा प्रस्ट पार्नेछ ।
- लेखाइ क्षमताको मूल्याङ्कन गर्न सहयोग गर्नेछ ।
- भाषा शिक्षणका विधि तथा पद्धतिहरूमा पनि सहयोग गर्नेछ ।

### ७.३.२ प्रयोगगत तह

प्रस्तुत शोधको प्रयोगगत तहका उपयोगितालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- शिक्षकलाई पेसागत रूपमा सक्षम बनाई विद्यार्थीहरूलाई पृष्ठपोषण दिन,
- निबन्धलेखनका लागि आवश्यक पर्ने शिक्षण विधि प्रक्रियाको छनोट गर्न
- लेखन सिपका सम्बन्धमा देखिएका कमजोरीहरू निराकरणका लागि आवश्यक सुझाव दिन,
- विद्यार्थीहरूको स्तर, क्षमता, उमेर, आवश्यकअनुसार लेखन क्षमताको विकास गर्न
- विद्यालय तहमा हुने अतिरिक्त क्रियाकलापका रूपमा निबन्धलाई समेट्न
- निबन्धलेखन र निबन्ध शिक्षणको आवश्यकता र महत्त्वबारे जानकारी प्रदान गर्न,

## ७.४ सुझावहरू

प्रस्तुत अध्ययनबाट प्राप्त निष्ककर्षका आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गर्न सकिन्छ :

- प्रारम्भिक तहेदेखि नै लेखनकला सुधारका लागि विद्यार्थीहरूको तह, रुचि र स्तर सुहाउँदा विषयमा निबन्धलेखन अभ्यासका लागि भाषा पाठ्यपुस्तकको अभ्यास खण्डमा लेखाइ सिपलाई विशेष रूपमा समावेश गरिनु पर्दछ ।
- विद्यार्थीहरूलाई निबन्धलेखनमा सबल बनाउनको लागि प्रारम्भिक तहेदखि नै लेखन शिक्षणलाई पनि विशेष जोड दिने खालका पाठ्यपुस्तक छनोट गरिनु पर्दछ ।
- आवश्यक शैक्षिक योग्यता पुगेका तालिम प्राप्त शिक्षकबाट मात्र नेपाली विषय पठनपाठन गराउनु पर्दछ ।
- निबन्धलेखन सिपको विकासमा लागि कक्षा स्तरीय विद्यालयस्तरीय तथा जिल्लास्तरीय खालकै निबन्ध प्रतियोगिताको आयोजना समय-समयमा गरिनु पर्दछ ।
- निबन्धलेखन तरिकालाई प्रमुख रूपमा लिएर विद्यार्थीहरूमा निबन्धलेखन शैलीका बारेमा सिकाउनु पर्ने अपरिहार्य आवश्यकता रहेको छ ।
- विद्यार्थीलाई केवल भाषा पाठ्यपुस्तकमा मात्र केन्द्रित नगराई समय-परिस्थिति र सन्दर्भअनकुलका सामग्रीहरू जस्तैः विभिन्न पत्रपत्रिका, लेखरचना, विभिन्न सन्दर्भ सामग्रीहरू, सहायक पाठ्यपुस्तक पनि उपलब्ध गराउनु पर्दछ ।
- विद्यालयमा रहेका विषय शिक्षकहरूले विद्यार्थीहरूमा निबन्धलेखन क्षमताको अभिवृद्धिका लागि विभिन्न शीर्षकहरू दिई निबन्धलेखनको अभ्यास गराउनु पर्छ ।
- विद्यार्थीहरूमा निबन्धलेखनको आवश्यकता र प्रयोजनबारे स्पष्ट पारिदिनु पर्दछ ।
- भाषा पाठ्यपुस्तकमा लिखित अभिव्यक्तिमा अभ्यास हुने खालका नमुना अभ्यास राख्नुपर्दछ ।
- माध्यमिक तहमा नेपाली भाषा विषयको प्रश्नपत्रका निबन्धलेखनसम्बन्धी प्रश्न ऐच्छिक नगरी अनिवार्य गरिनु पर्दछ ।

निबन्धलेखनका सन्दर्भमा विद्यार्थीहरूलाई शुद्ध लेखन गराउनका लागि विद्यार्थीकेन्द्रित शिक्षण विधि अपनाउनु पर्दछ । शुद्धता र स्पष्टतामा जोड दिएर विद्यार्थीको रुचि र आवश्यकताअनुसारको विधि प्रयोग गर्नुपर्दछ । पाठ्यक्रम, पाठ्यपुस्तक, समय, परिस्थिति स्थान, अवस्थाअनुसार व्यवस्थित रूपमा परिष्कार तथा परिमार्जन गर्न आवश्यक देखिन्छ ।

## ७.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

- कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको दैनिकीलेखन क्षमताको अध्ययन
- माध्यमिक तह पूरा गरेका विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन,
- कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन,
- कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन,
- कक्षा सातमा अध्ययनत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन,
- कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको अनुभव वर्णन क्षमताको अध्ययन
- कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको चित्रवर्णन क्षमताको अध्ययन
- कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन
- कक्षा दशमा अध्ययनत विद्यार्थीहरूको विद्यार्थीहरूको सारांशलेखन क्षमताको अध्ययन
- कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन

# सन्दर्भसामग्री सूची

अधिकारी, हेमाङ्गराज र भट्टराई बद्रीविशाल, (२०६६), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

ओझा, रामनाथ (२०७१), *आधुनिक नेपाली निबन्ध र समालोचना,* काठमाडौँ : पाठशाला पब्लिकेसन प्रा.लि. ।

खनाल, उत्तमराज (२०६७), 'कास्की जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबनधलेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, दीपा (२०६९), 'दाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, (२०७०), 'सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

डाँगी, सुरेन्द्र (२०७१), 'सल्यान जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६८), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : शुभकामना प्रकाशन ।

ढकाल, लेखनाथ (२०७२), 'महोत्तरी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

दाहाल, दुर्गाप्रसाद (२०५८), *नेपाली नाटक, निबन्ध, भाषा साहित्य र इतिहास,* काठमाडौँ : के.पी. पुस्तक भण्डार ।

दुलाल, दिननाथ (२०६८), 'रामेछाप जिल्लाका सामुदायिक विद्यालयका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

दौल्याल, रणबहादुर (२०६४), 'कञ्चनपुर जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

द्विवेदी, हरिहरनाथ (१९७१), *निबन्ध : सिद्धान्त और प्रयोग,* पटना : विहार हिन्दीग्रन्थ अकादमी ।

निउरे, ध्रुवप्रसाद र घिमिरे, दिनेश (२०७०), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : सनसाइन पब्लिकेसन प्रा.लि. ।

पोखरेल, धनकुमारी (२०६७), 'बाँके जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरको निबन्धलेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखरेल, ऋषि (२०६९), 'पाल्पा जिल्लाको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, टङ्कराज (२०६९), 'पर्वत जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', शिक्षा शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि, कीर्तिपुरमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

पौडेल, माधवप्रसाद (२०७०), *भाषिक विधा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

बस्नेत, प्रत्युष (२०६८), 'महोत्तरी जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि र अन्य (२०६७), *नेपाली गद्य र नाटक,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

*माध्यमिक शिक्षा पाठ्यक्रम* (२०६४), नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठयक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

लौडरी, कृष्णकुमारी (२०७१), 'तनहुँ जिल्लाका कक्ष दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', शिक्षा शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि, कीर्तिपुरमा स्नातकोत्तर शोधपत्र ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०४३), *स्रष्टा, सृष्टि : द्रष्टा दृष्टि,* काठमाडौँ : साझा प्रकाशन ।

# परिशिष्ट एक

## अध्ययनका क्रममा छनोट गरिएका विद्यालयहरूको नामावली

**सामुदायिक विद्यालयहरू**

१. श्री कालिका माध्यमिक विद्यालय, ज्वालामुखी ४ ढोला धादिङ

२. बालमन्दिर माध्यमिक विद्यालय, नीलकण्ठ नगरपालिका ३, धादिङ

३. नीलकण्ठ माध्यमिक विद्यालय, धादिङ बेसी धादिङ

४. रामीभञ्ज्याङ माध्यमिक विद्यालय, मैदी- १ उखुबारी धादिङ

५. श्री अचने माध्यमिक विद्यालय, त्रिपुरासुन्दरी ७ खहरे धादिङ

**संस्थागत विद्यालयहरू**

१. सुनगाभा एकेडेमी, नीलकण्ठ नगरपालिका ३ धालिङ

२. एड्भान्स एकेडेमी, नीलकण्ठ नगरपालिका ३ धादिङ

३. चिल्डेनपार्क आवासीय उच्च माध्यमिक विद्यालय, नीलकण्ठ ४ धादिङ

४. धादिङ आवासीय माध्यमिक विद्यालय, धादिङबेसी, धादिङ

५. न्यू किबो बोडिङ स्कुल, नीलकण्ठ ३ धादिङबेसी, धादिङ

## परिशिष्ट दुई

## अध्ययनका क्रममा छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको नामावली

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्क विवरण

| क्र.सं. | छात्र | प्राप्ताङ्क | क्र.सं. | छात्रा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | कृष्ण दुवाडी | ५० | १ | कविता श्रेष्ठ | ५० |
| २ | प्रकाश अधिकारी | ४० | २ | आकृति थापा | ६० |
| ३ | उज्वबल रावत | ४५ | ३ | एलिसा सुनुवार | ५० |
| ४ | सहदेव अधिकारी | ५५ | ४ | अनित श्रेष्ठ | ४५ |
| ५ | सुनिल गुरुङ | ४० | ५ | टिना तामाङ | ४५ |
| ६ | दीपक लामा | ५० | ६ | दीपा अधिकारी | ६० |
| ७ | आयुष अर्याल | ६० | ७ | सविना पोखरेल | ५५ |
| ८ | प्रवीण भट्ट | ५५ | ८ | लिलिजा तिमल्सिना | ६० |
| ९ | सन्तोष पाठक | ५० | ९ | रश्मि भट्ट | ४५ |
| १० | प्रशान्त गुरुङ | ४० | १० | रञ्जन गुरुङ | ६० |
| ११ | आदित्य श्रेष्ठ | ३५ | ११ | गीता बराम | ५० |
| १२ | शिव आले मगर | ४० | १२ | माधुरी परियार | ६० |
| १३ | सागर थापा मगर | ३० | १३ | सम्झना तुम्सिङ | ४५ |
| १४ | सुदीप भट्ट | ४० | १४ | लक्ष्मी नेपाल | ४५ |
| १५ | मनिस सेडाई | ४५ | १५ | राममाया थापा | ६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | वियू श्रेष्ठ | ६० | १६ | अञ्जु श्रेष्ठ | ६५ |
| १७ | चन्द्रमान बसेल | ७० | १७ | रोस्मा श्रेष्ठ | ६५ |
| १८ | विमल श्रेष्ठ | ५० | १८ | सम्झना श्रेष्ठ | ४० |
| १९ | श्याम भुजेल | ५० | १९ | निरमाया श्रेष्ठ | ७० |
| २० | नारायण रिजाल | ५५ | २० | विना गुरुङ | ६० |
| २१ | विमल पाठक | ५० | २१ | अञ्जु सापकोटा | ६० |
| २२ | आशिष गुरुङ | ५५ | २२ | विमला पाण्डे | ४५ |
| २३ | रोशन ढकाल | ६० | २३ | शोभा रिजाल | ५५ |
| २४ | राजन बस्नेत | ४५ | २४ | कालिका सेडाई | ४० |
| २५ | सुमन श्रेष्ठ | ३५ | २५ | सुनिता ढकाल | ४५ |

**संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्राप्ताङ्क विवरण**

| क.सं. | छात्र | प्राप्ताङ्क | क.सं. | छात्रा | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | प्रविण भूजेल | ६५ | १ | ईशा गुरुङ | ३५ |
| २ | विशाल गुरुङ | ४० | २ | पूजा घिमिरे | ५५ |
| ३ | समित भट्ट | ४५ | ३ | सञ्जीला काप्री | ५५ |
| ४ | कुशल रिजाल | ४५ | ४ | सोनिया गुरुङ | ४५ |
| ५ | सुमन काप्री | ३० | ५ | स्वस्तिका घिमिरे | ४५ |
| ६ | रजत तिमल्सेना | ४० | ६ | सचिता गुरुङ | ५० |
| ७ | विपिन सेन्चुरी | ५० | ७ | सुनिता घले | ६० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | अविनाश गुरुङ | ५० | ८ | अनिसा तामाङ | ४५ |
| ९ | सरोज तामाङ | ५० | ९ | अस्मिता लम्साल | ७५ |
| १० | दिनेश तामाङ | ६० | १० | सरिता बानिया | ६० |
| ११ | आगम अधिकारी | ५० | ११ | रिया अधिकारी | ६० |
| १२ | सुजित श्रेष्ठ | २१ | १२ | एन्जीला लामिछाने | ६० |
| १३ | शहेदव अर्याल | २५ | १३ | सिमा घले | ३० |
| १४ | प्रदिप सापकोटा | २१ | १४ | मनिसा गुरुङ | ५५ |
| १५ | उत्तम लामा | ३० | १५ | विभूति कोइरला | ५५ |
| १६ | कृति श्रेष्ठ | ८० | १६ | अंकिता के.सी. | ८३ |
| १७ | प्रशन्न श्रेष्ठ | ५० | १७ | शिला गुरुङ | ६५ |
| १८ | समिर गुरुङ | ५५ | १८ | सबिना कोइरला | ७० |
| १९ | हरिविशाल कोइरला | ७० | १९ | अस्मिता अधिकारी | ५० |
| २० | विवेक रिमाल | ५५ | २० | आशिका गुरुङ | ५० |
| २१ | मिलन लामा | ४५ | २१ | प्रमिला गुरुङ | ७० |
| २२ | प्रदीप तामाङ | ७० | २२ | सजिना श्रेष्ठ | ८० |
| २३ | रोशन अधिकारी | ६५ | २३ | सनिया तामाङ | ६० |
| २४ | कपिल अधिकारी | ५५ | २४ | ममता गुरुङ | ६५ |
| २५ | दिपेश बुर्लाकोटी | ६० | २५ | शिखा भट्ट | ५० |

**त्रि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभागमा प्रस्तुत गरिने**

**शोधपत्रका लागि प्रस्तुत अनुसन्धानात्मक प्रश्नावली**

**धादिङ जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमता**

विद्यार्थी भाइबहिनीहरू यस प्रश्नको उत्तर शोधकार्यका लागि मात्र प्रयोग गरिने भएकाले यस प्रश्न उत्तीर्ण र अनुत्तीर्णको लागि नभई नितान्त अनुसन्धानको लागि प्रयोग गरिने भएकाले स्वभाविक र मौलिक उत्तर दिनुहोला ।

विद्यालयको नाम पूर्णाङ्कः

विषय नेपाली : समय :

विद्यार्थीको नाम

कक्षा १०

तलका शीर्षकमा २५० शब्द नबढाई निबन्ध लेख्नुहोस् ।

१. मेरो देश मेरो गौरब

२. देश विकासका युवावर्गको भूमिका